

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २७ •अंक ६४ • २०८२ साल साउन ७ गते बुधबार (23 July, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

# अवैध भनिएका अस्पतालहरु खुल्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले निजी अस्पताल सुधारका लागि थालिएको अभियान शिथिल भएपछि सेटिंगमा विस्तारै सञ्चालनमा आउन थालेको छ।

मधेश प्रदेशको पर्सा, बारा, सर्लाही, धनुषा, सप्तरी, सिरहालगायतका जिल्ला मुकाममै निजी अस्पतालमा रातारात अनुगमन गरी थालिएको कारबाही अभियान केही महिनापछि नै शिथिल भएको छ। सो उद्देश्यविहीन अभियान समापन नभए पनि अनुमगनका क्रममा अवैधानिक भनिएका अस्पतालहरु विस्तारै विस्तारै सेटिंगमार्फत सञ्चालनमा आउन थालेको जनगुनासो रहेको छ।

सर्लाहीको मिथिला डेन्टल क्लिनिकमा अनुमगनको क्रममा अवैधानिक भएको ठहर गर्दै ताल्चा लगाएको थियो। मुख्यमन्त्री सिंहको अगुवाइमा चलाएको 'अप्रेसन अस्पताल' अभियानअन्तर्गत नै ताल्चा लगाइएको थियो।

तर अस्पतालको अनुगमन अभियान रोकिएपछि सो अस्पताल अहिले सञ्चालनमा रहेको छ। मलंगवाकै देवश्री पोलिक्लिनिक प्रालि पनि बन्द गराइएको थियो। अहिले सो अस्पताल पनि सञ्चालनमा आइसकेको छ।

त्यस्तै पर्साको वीरगञ्जस्थित नेपाल इन्डो हस्पिटल एन्ड आइ केयर सेन्टर प्रालि पनि मापदण्ड नपुगेको भन्दै बन्द गराइएको थियो। मापदण्ड पूरा गरेर सञ्चालन गर्न भनिए पनि यो अस्पताल अहिले पुरानै तरिकाले सञ्चालनमा ल्याइएको छ।

अधिकांश जिल्लामा भने प्रदेश सरकारकै मिलेमतोमा सेवा शुरु गरिएको आरोप रहे पनि अधिकांश स्थानीय तहको अनुमतिले सञ्चालनमा आएका स्वास्थ्य मन्त्रालयबाट अनुगमनमा खटेका सन्तोष ठाकुरको दाबी छ। तर स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने भन्दै अस्पतालहरू जबर्जस्ती खोल्न लगाएको जनाएको छ।

बाराको कलैया, सर्लाहीको लालबन्दी, मलंगवा, सिरहको मिर्चैयासहित विभिन्न ठाउँमा बन्द गराइएका निजी अस्पतालहरू सञ्चालनमा आइसकेका छन्।

प्रदेश सरकारले करिब सात महिनासम्म अवैध अस्पतालहरूको गतिविधिबारे स्थलगत अनुगमन चलाएको थियो।

## स्टन्टवाजी गर्दै मधेश सरकार

# विना बजेट र कार्ययोजना कागजमै सुख्खा क्षेत्र घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकार संकटभन्दा पनि स्टन्टवाजी गर्ने उद्यत देखिएको छ। प्रदेशमा पानीको हाहाकार छ, आमजनता काकाकुल छन्। सरकार समाधानभन्दा पनि विना बजेट र विना कार्ययोजनाकै सुख्खा क्षेत्र घोषणा गरी स्टन्टवाजी गरिरहेको छ।

मधेश प्रदेश सरकारले असार २६ गते प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरे पनि अहिलेसम्म सो निर्णय कार्यान्वयन गर्न आनाकानी गरिरहेको देखिएको छ। सरकारले सुख्खाग्रस्त क्षेत्र घोषणापछि कृषकसम्म पुग्न कार्यक्रम तथा बजेटको व्यवस्थासमेत गर्न सकेको छैन।

प्रदेश सरकारले मधेशमा खडेरी परेको भन्दै हतारहतारमा दातृनिकायको मुख ताकेर प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेर संघीय सरकारसंग राहत प्याकेजको आसमा बसिरहेको छ। तर सरकार आफैँले पनि दुई सातासम्म कृषकलाई राहत दिने कार्ययोजनासमेत सार्वजनिक गर्न सकिरहेको छैन। सस्तो लोकप्रियताका लागि प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरिएको भन्दै किसान तथा सर्वसाधारणले प्रदेश सरकारको आलोचना पनि गर्न थालेका छन्। सुख्खाकै कारण साउनको पहिलो सातासम्म मधेश प्रदेशमा ४६ प्रतिशत धान रोपाइँ भएको छ।

पानी नपर्दा मधेशको कृषि प्रणालीमा प्रतिकूल असर परेको देखिन्छ। आकाशे पानीको भरमा खेती प्रणाली भएकाले खेत सुख्खा भएको छ। पानीको सतह घटेका कारण चापाकल सुकेको छ भने खानेपानीको आपूर्तिमा समेत समस्या देखिएको छ। प्रदेश सरकारले वीरगञ्ज महानगरपालिका, राजविराजका केही स्थानमा बारुणयन्त्रको सहायताबाट खानेपानी वितरण गरिए पनि प्रभावकारी देखिएको छैन। सीमित बारुणयन्त्रले पानी वितरण गरिएकाले प्रदेशका ग्रामीण तथा अन्य शहरी क्षेत्रमा खानेपानीको समस्या दिनप्रतिदिन बढ्दै गइरहेको छ। मधेश प्रदेशको सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा पानीको अभाव विकराल देखिएको छ।




तर सरकारले मधेश प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरे पनि अहिलेसम्म कुनै पनि किसिमको कार्ययोजना बनाउन सकेको छैन भने यसका लागि आवश्यक बजेटको नै व्यवस्थापन गर्न सकेको छ।

धनुषाको बटेश्वर गाउँपालिका वडा नम्बर ३ का ३७ वर्षीय किसान रामउदगार महतोले भने, 'सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा त गऱ्यो, तर हाम्रो खेतमा पानी छैन, मल छैन, बिउ छैन। घोषणा सुनेका छौँ, राहत देखेका छैनौँ।' त्यसैगरी, धनुषाको क्षीरेश्वरनाथ नगरपालिका हरैयाका वलिक साफीले सुक्खा क्षेत्र घोषणा गर्नु सरकारको स्टन्टबाजी मात्रै रहेको आरोप लगाए।

सरकारको सुख्खाग्रस्त क्षेत्र कागजमा सीमित भएको आरोप लगाउँदै उनले भने, 'यो सब सरकारको नौटंकी नै हो । यसले जनताले त राहत पाउँदैनन्।'

'अहिले धान रोप्ने बेलामा पानी छैन। धानको बिउ पनि डढ्न थालेको छ,' धनुषाको नगराईन नगरपालिकाका दशरथ मण्डलले भने, 'यस्तो बेलामा किसानलाई सरकारको साथ चाहिन्छ। तर सरकारले सुक्खाक्षेत्र घोषणा गरेर आफ्नो दायित्व पूरा नगरी निष्क्रिय भएर बसेको छ।'

जनता समाजवादी पार्टी मधेश प्रदेशका प्रमुख सचेतक रामआशिष यादवले जनमत नेतृत्वको सरकार कामभन्दा बढी स्टन्टबाजीमा लागेको आरोप लगाएका छन्। प्रमुख सचेतक यादवले भने, 'सुख्खा क्षेत्र घोषणा गरेलगत्तै सरकारले तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन कार्ययोजना बनाएर जनतालाई राहत दिनुपर्ने अहिलेको आवश्यकता हो,' यादवले घोषणा गर्ने तर काम नगर्ने सरकारको प्रवृत्ति नै रहेको भन्दै सरकारबाट अपेक्षा पनि नभएको दाबी गरे।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. उमेश दाहालले धान रोपाइँ मात्र होइन, रोपिएको धानमा पनि सुख्खा लागेको बताए।

उनले भने, 'मधेश प्रदेशमा पानीको स्रोत वर्षा मात्र नभई यहाँका तीनवटा सिँचाइ आयोजनाहरू छन्, त्यसबाहेक नहरहरू पनि छन, तर ती नहरहरू संघीय सरकारमातहत छन्,' उनले भने, 'यो विषयमा संघीय कृषिमन्त्रीज्यूसँग कुराकानी भएको छ।'

मधेश प्रदेश सरकारले सुख्खाग्रस्त क्षेत्र घोषणा गरे पनि सुख्खा क्षेत्रका लागि आवश्यक बजेट व्यवस्थापन अहिलेसम्म गर्न नसकेको बताए। उनले संघीय कृषि मन्त्रालयबाट आएको टोलीलाई समेत प्रदेशको वस्तुगत अवस्था र तत्काल के गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिएको बताए।









# तराईमा खानेपानी र सिँचाइको अभाव भएकामा सांसदहरुको चिन्ता



काठमाण्डु । तराईमा वर्षा नहुँदा खानेपानी र सिँचाइको अभाव भएको विषयमा सांसदहरुले सरकारको ध्यानाकर्षण गराएका छन् ।

राष्ट्रियसभाको मंगलबारको बैठकमा विशेष समयमा आफ्नो धारणा राख्ने क्रममा सांसदहरुले यस विषयमा गम्भीर हुन र सिँचाइका लागि वैकल्पिक व्यवस्था तथा किसानलाई राहतको व्यवस्था सरकारले गर्नुपर्ने धारणा राख्नुभएको हो ।

सांसद मोहम्मद खालिदले विद्यमान सरकार गठबन्धन बन्दै गर्दा भएका राजनीतिक स्थायित्व, सुशासन समृद्धि र संविधान संशोधनजस्ता सहमति कार्यान्वयन हुन नसकेको बताउनुभयो । सरकारको एक वर्ष बितिसक्दा पनि रोजगारी बढ्न नसकेको, कृषि उत्पादमा उल्लेख्य प्रगति नदेखिएको, सार्वजनिक ऋण बढ्दै गएको उहाँको भनाइ थियो ।

साउनको पहिलो सातासम्म पनि मधेशमा पानी नपरेको र सुख्खा हुँदा वर्खेबालीका लागि सिँचाइ तथा खानेपानीको चरम अभाव भएको विषय उहाँले संसदमा राख्नुभयो । चुरे दोहन, वालुवा-गिट्टीको अवैध उत्खनन्, जङ्गल फडानीजस्ता समस्याका कारण तराई क्षेत्रमा पानीको सतह घट्टै गएको सांसद खालिदले बताउनुभयो ।

अर्का सांसद तुलप्रसाद विश्वकर्माले तराई क्षेत्रमा वर्षा नहुँदा खडेरी परेको र जमिन मूनिको पानीको सतह घट्दै गएको विषयमा गम्भीर हुन सरकारको ध्यानाकर्षण गराउनुभयो । सरकारले आर्थिक ऐनमार्फत् सुनचाँदीका गरगहनामा दुई प्रतिशतको विलासिता शूल्क लगाएकोमा व्यवसायी आन्दोलित भइरहेको विषय उहाँले संसद्मा उठाउनुभयो । सुदूरपश्चिम र कर्णाली क्षेत्रका महिला महिनावारी भएको बेला छाउगोठमा बस्ने कुप्रथा अझै अन्त्य हुन नसकेको विषय उहाँले सदनमा उठाउनुभयो ।

सांसद राजेन्द्रलक्ष्मी गैरले जलवायु परिवर्तनका असर बढ्दै गएको बताउनुभयो । हाल खण्डवृष्टिका कारण तराई सुक्खाग्रस्त भएको र त्यसले वर्खेबालीको उत्पादन घट्ने देखिएको बताउनुभयो । पहाडी क्षेत्रमा बाँदर आतङ्क बढेको विषय उहाँले सुनाउनुभयो । सुक्खाग्रस्त क्षेत्रका किसान र जङ्गली जनावरबाट बालीनाली सखाप भएका किसानलाई सरकारले राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न सांसद गैरेले माग राख्नुभयो ।

अर्का सांसद उर्मिला अर्यालले बारा, पर्सालगायतका जिल्लामा खानेपानी र सिँचाइको सङ्कट देखिएको बताउनुभयो । मधेशका सबैजसो जिल्लामा जलसङ्कट देखिएको उहाँको भनाइ छ । जङ्गल विनाश बढ्दै गएका कारण त्यसको प्रभाव जलवायुमा देखिएको सांसद अर्यालले बताउनुभयो । सिँचाइ र खानेपानीका लागि शीघ्र वैकल्पिक व्यवस्था मिलाउन उहाँले संदनमार्फत् सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद गोपाल भट्टराईले संविधान संशोधनको अन्तरवस्तुमाथि छलफल अघि बढ्न नसकेको बताउनुभयो । राजनीतिक स्थायित्वका लागि दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच गठबन्धन बनेको उल्लेख गर्नुहुँदै उहाँले संविधान संशोधन, सुशासन र समृद्धिका लागि थप प्रतिवद्ध हुनुपर्नेमा जोड दिनुभयो । वर्तमान सरकार समाजलाई आशातर्फ डोऱ्याउन सफल भएको र मुलुकको अर्थतन्त्रका सूचक सुधार हुँदै गएको सांसद भट्टराईको दावी छ । रासस

# शुद्ध खानेपानी वितरण शुरु

**टुडे समाचारदाता**

राजविराज । मुख्यमन्त्री सतीशकुमार सिंहको निर्देशनपछि सप्तरीको विभिन्न पालिकामा ट्यांकर तथा दमकलमार्फत खानेपानी वितरण शुरु गरिएको छ ।

मधेश प्रदेश सरकारले व्यवस्थापन गरेको ट्यांकर तथा दमकल मार्फत रुपनी गाउँपालिका १ र २ मा मङ्गलबार खानेपानी वितरण गरिएको छ ।



राजगढ गाउँपालिका, अग्निसाइर कृष्णासवरन गाउँपालिका, विष्णुपुर गाउँपालिका र सुरुंगा नगरपालिकाका खानेपानी संकटग्रस्त बस्तीहरुमा शुद्ध पानीको आपूर्ति शुरु गरिएको प्रमुख जिल्ला अधिकारी भोला दाहालले जानकारी दिए । उनले जिल्लामा पानीको अभाव रहेका टोल बस्तीहरुमा सोमबारदेखि खानेपानी संस्थानाट शुद्ध पानी उपलब्ध गराई वितरण शुरु गरिएको बताए ।

प्रमुख जिल्ला अधिकारी दाहालले भने, 'जिल्लाको सबै ठाउँमा त्यस्तो समस्या छैन् । तर जहाँ खानेपानीको अभाव छ, त्यहाँ वडाअध्यक्ष र पालिका प्रमुखसँग समन्वय गरी शुद्ध खानेपानी वितरण शुरु गरिएको छ ।'

बरखगण राजविराजको नेपाली सेनाको सहयोगमा सञ्चालन गरिएको सो अभियानमा स्थानीय पालिकाहरूको मागका आधारमा पानी आपूर्ति गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ ।

# अवैध सामग्री बरामद, १०३ तस्कर पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटमा प्रहरीको सक्रियताले साढे पाँच करोडभन्दा बढी मूल्य बराबरको अवैध सामान बरामद गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका प्रहरी इकाईहरूले आर्थिक वर्ष २०८१/०८२ को साउनदेखि गत असार मसान्तसम्म विभिन्न नाकाबाट तस्करी भई भित्रिएको ५ करोड ५९ लाख ५५ हजार २३५ रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी नेत्र मणि गिरीका अनुसार बरामद सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको छ ।

तस्करीमा प्रयोग भएका ५ थान स्कार्पियो, ४ पिकअप, १ ट्याक्टर, १० ई-रिक्सा, २४३ मोटरसाइकल र ३३ थान साइकल सहित २९६ वटा सवारी साधन समेत बरामद गरेको प्रहरीले न्युज कारखाना लाई जनाएको छ ।

यही अवधिमा तस्करीमा संलग्न २२ जना विदेशी नागरिकसहित १०३ जना तस्करलाई पक्राउ गरी कानुनी कारबाही अगाडि बढाइएको पनि प्रहरीको तथ्यांकमा उल्लेख गरिएको छ । यसका साथै, फरार प्रतिवादी पक्राउ अभियानअन्तर्गत अदालतबाट सजाय सुनाइएपछि फरार रहेका ६४० जना प्रतिवादीलाई विभिन्न स्थानबाट पक्राउ गरि फैसला कार्यान्वयन गरिएको छ ।

जिल्ला प्रहरी प्रवक्ता डीएसपी दीपक कुमार रायका अनुसार, पक्राउ परेका प्रतिवादीहरूबाट ४८ लाख २९ हजार ९८४ रुपैयाँ बराबरको जरिवाना असुल र ११४ वर्ष १ महिना २० दिन कैद सजाय भुक्तानीको लागि जिल्ला अदालत रौतहटमा उपस्थित गराइएको छ ।

# सेवा प्रवाहलाई थप व्यवस्थित बनाउने सचिव बैठकका निर्णय

काठमाण्डु । सङ्घीय सरकारका सचिवहरूको बैठकले सेवा प्रवाहलाई थप व्यवस्थित बनाउनेलगायत १४ बुँदे महत्त्वपूर्ण निर्णय गरेको छ । सुशासन, विपद् व्यवस्थापन, सूचना प्रविधि र कानुनी सुधारका विविध पक्ष समेटेर १४ बुँदे निर्णय गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ ।



मुख्यसचिव एकनारायण अर्यालको अध्यक्षतामा सोमबार बसेको बैठकमा हालै लागू गरिएको एकीकृत क्याबिनेट सफ्टवेयरबारे जानकारी दिइएको थियो । यस्तै, सरकारका प्रमुख संरचनात्मक सुधार र कार्यसम्पादन मापदण्डलाई कार्यान्वयन गर्ने विषयलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

बैठकले मन्त्रालय, आयोग, सचिवालय, विभाग, बोर्ड, संस्थान, प्राधिकरण समितिलगायत निकायका सवारीसाधन र प्रयोगकर्ताको विवरण तत्कालै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने निर्णय गरेको छ । निर्णयमा भनिएको छ, "यदि कुनै पदाधिकारी र कर्मचारीले प्रचलित मापदण्डविपरीत सवारीसाधन प्रयोग गरेको भए तुरुन्त फिर्ता गर्ने/गराउने, मन्त्रालयमा रहेकासम्पूर्ण सवारीसाधनको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पिएएमएस)मा अनिवार्य प्रविष्टि गर्ने व्यवस्था मिलाउने ।"

सुशासन (सञ्चालन तथा व्यवस्थापन ऐन) अनुसार तयार गर्ने प्रयोजनार्थ सबै मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तोकिएको ढाँचामा यही साउन १५ गतेभित्र प्रगति विवरण पठाउनुपर्ने मुख्यसचिवको सचिवालयले जनाएको छ ।

**विपद् व्यवस्थापन**

बैठकले मनसुनजन्य विपद् व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालय र निकाय, सुरक्षा निकाय, विकास साझेदारसँग सहकार्य गरेर काम गर्ने निर्णय गरेको छ । संयुक्त राष्ट्रसङ्घीय निकाय, रेडक्रस अभियान तथा गैरसरकारी एवं सामुदायिक संस्थाले आवश्यक पूर्वतयारी तथा खोज, उद्धार र राहतका कार्य गृह मन्त्रालय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा प्रभावकारी ढङ्गले गर्ने व्यवस्था मिलाइनेछ । लाइफलाइन सडकमा भएका अवरोध तत्काल हटाउने व्यवस्था भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउनुपर्नेछ ।

मनसुनका कारणबाट उत्पन्न हुनसक्ने सम्भावित विपद्लाई मध्यनजर गरी सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा कार्यरत कर्मचारी अत्यावश्यक काममाबाहेक कार्यस्थल नछाड्ने र बिदामा बस्न नपाइने जनाइएको छ ।

त्यस्तै, जिल्लास्थित कार्यालय प्रमुखले प्रमुख जिल्ला अधिकारीसँग समन्वय नगरी बिदा नबस्ने, सङ्घीय मन्त्रालयले अत्यावश्यकबाहेक प्रदेशका निकायमा कार्यरत कर्मचारीलाई भौतिक रूपले उपस्थित हुनेगरी बैठक र गोष्ठीमा आमन्त्रण गर्न पाइने छैन ।

डेङ्गी सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सबै मन्त्रालय, निकाय तथा गराउने लामखुट्टेको बासस्थान र लार्भा खोज तथा नष्ट गर्ने उद्देश्यले साउन, भदौ र असोज तीन महिना हरेक शुक्रबार बिहान सरसफाइ कार्यक्रम तथा प्रचारप्रसार अभियान सञ्चालन गर्नेछ ।

सर्पदंशबाट हुने मृत्युदर घटाउन सचेतना अभियान जोखिम न्यूनीकरण र उपचारको प्रभावकारी व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

मधेस प्रदेशभर मनसुन याममा पानी नपरेको वा ज्यादै कम पानी परेको कारणले सिँचाइ सुविधा समेतको अभावमा धानबाली लगाउन कठिनाइ भएका सन्दर्भमा सो प्रदेशका विभिन्न स्थानमा खानेपानीको हाहाकार भई आमजनतामा सुक्खाजन्य विपद् उत्पन्न भएको छ । खानेपानी तथा सिँचाइको तत्काल समस्या समाधानका लागि आवश्यक पहल र समन्वय गर्न गृह मन्त्रालयले मधेस प्रदेशका सबै प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिने बैठकले निर्णय गरेको मुख्यसचिवको सचिवालयले जनाएको छ ।

स्थानीयस्तरको पहलबाट समाधान हुन नसक्ने खानेपानी, कृषि तथा सिँचाइजन्य समस्या समाधानका लागि प्रदेश तथा नेपाल सरकारबाट गर्नुपर्ने कार्यका सम्बन्धमा मधेस प्रदेशका सबै जिल्लाका विपद् व्यवस्थापन समितिको बैठकबाट आवश्यक निर्णय गराई गृह मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तत्काल विवरण उपलब्ध गराउन भनिएको छ ।

गत आवको कार्यसम्पादन सम्झौता र माइलस्टोनको प्रगति विवरण यही साउन ७ गतेभित्र अनलाइन प्रणालीमा प्रविष्ट गरिसक्नुपर्नेछ भने चालु आवका लागि सूचकसहितको कार्यसम्पादन सम्झौता तोकिएको ढाँचामा यही साउन २५ गतेभित्र सम्पन्न गरिसक्ने व्यवस्था मिलाउने निर्णय भएको छ ।

नागरिकलाई प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्ने मन्त्रालय र निकायका पदाधिकारीले कानुनले तोकेको समयभित्रै निर्णय गर्नुपर्नेछ । सम्बन्धित मन्त्रालयका सचिवले मातहतका विभाग र कार्यालयले प्रवाह गरेको सेवाको कम्तीमा महिनाको एकपटक अनुगमन गर्नुपर्नेछ ।

चालु आर्थिक वर्षमा सरकारले एक सय २० वटा विधेयक तयार गर्ने प्रतिबद्धता जनाएअनुरूप सम्बन्धित मन्त्रालयले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग समन्वय गरी विधेयकको मस्यौदा तयारीको कार्य तत्काल प्रारम्भसमेत भनिएको छ ।

**सूचना प्रविधि**

विभिन्न मन्त्रालय र विभाग तथा निकायका सफ्टवेयर र सूचना व्यवस्थापन प्रणालीको निर्वाध रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ ।

**सम्बन्धमा देहायबमोजिम गर्ने गराउने**

सूचना प्रविधि प्रणालीको सञ्चालन, सहयोग र मर्मतसम्भारको प्रारम्भिक कार्य सम्बन्धित निकायले आन्तरिक जनशक्तिबाटै गराउनुपर्नेछ । जटिल समस्या उत्पन्न हुँदा मात्रै बाहिरबाट जनशक्ति ल्याउनुपर्नेछ ।

त्यस्तै, महत्त्वपूर्ण सूचना प्रणाली सञ्चालन गर्ने निकायले एक महिनाभित्र अनिवार्य रूपमा सुरक्षात्मक प्रणाली स्वीकृत गरी गराई कार्यान्वयन गर्नुपर्नेछ । चालू आर्थिक वर्षका लागि विनियोजित बजेट तथा कार्यक्रमबमोजिमको सूचना प्रविधिसँग सम्बन्धित खरिदको लागि आवश्यक नर्म्स तथा मापदण्ड २० दिनभित्र स्वीकृत गरिसक्नुपर्नेछ ।

नयाँ सफ्टवेयर निर्माण गर्दा अनिवार्य रूपमा सम्बन्धित निकायको प्रविधिक कर्मचारीसमेत संलग्न हुने व्यवस्था गर्नुपर्नेछ । सफ्टवेयरको सिस्टम अडिट र सेक्युरिटी अडिटका लागि सम्बन्धित निकायले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सूचना प्रविधि विभागमा अनुरोध गर्नुपर्नेछ ।

सार्वजनिक निकायमा आवश्यकपर्ने सफ्टवेयरको विकास, सञ्चालन, एकीकरण, मर्मतसम्भार तथा सूचना प्रविधि खरिद र सोसम्बन्धी जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन आगामी दिनमा अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आवश्यक खाका तयार गरी १५ दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्नेछ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना एवं ग्रे लिष्टबाट बाहिरिने रणनीतिक क्रियाकलापलाई माइलस्टोनमा समावेश गर्न छुट भएका निकायले सम्बन्धित कर्मचारीसँग गर्ने कार्यसम्पादन सम्झौतामा ती क्रियाकलाप समावेश गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

पञ्जीकरण तथा राष्ट्रिय परिचयसँग सम्बन्धित तथ्याङ्क राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग रहेका सन्दर्भमा आवश्यक विवरणसहितको पारिवारिक लगत तयार गरी एकीकृत सामाजिक सुरक्षा प्रणालीको विकास तथा सञ्चालन गर्ने गरी आवश्यक नीतिगत व्यवस्था गर्न गृह मन्त्रालयले प्रक्रिया अगाडि बढाउनुपर्ने निर्णय भएको मुख्यसचिवको सचिवालयले जनाएको छ ।रासस

# चन्द्रपुरमा लम्पी स्किनविरुद्ध निःशुल्क औषधि वितरण

चन्द्रपुर । लम्पी स्किनका कारण रौतहटको चन्द्रपुरमा पाँच वटा दुहुनो गाई मरेपछि रोगविरुद्ध निःशुल्क औषधि वितरण गरिएको छ । लम्पी स्किनको सङ्क्रमण नियन्त्रणका लागि सोमबारदेखि चन्द्रपुर नगरपालिकाले निःशुल्क औषधि वितरण गर्न थालेको हो ।

लम्पी स्किनले खासगरी उन्नत जातका गाई मरेपछि निःशुल्क औषधि वितरण गरिएको नगरपालिका पशु शाखाका प्रमुख डा सुलभ चौधरीले जानकारी दिनुभयो । रोगबाट बचाउन हाल ४८ परिवारलाई निःशुल्क औषधि वितरण गर्ने लक्ष्य लिइएको उहाँले बताउनुभयो ।

डा चौधरीले औषधि लिनका लागि कार्यालयमा सम्पर्क राख्न किसानलाई आग्रह गर्दै हालसम्म नगरक्षेत्रका ५० भन्दा बढी पशुलाई सङ्क्रमण भइसकेको जानकारी दिनुभयो । रासस

**माइग्रेसन सर्टिफिकेट हरायो**

मिति २०८१ वैशाख २० गते जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १८ बाट महोत्तरीको जलेश्वर जाने क्रममा कालो रंगको पछाडि भिर्ने झोलामा मेरो निम्न विवरण भएको कक्षा स्नातकको पूर्वाञ्चल विश्वविद्यालयबाट लिइएको माइग्रेसन सर्टिफिकेट अन्य महत्वपूर्ण कागजातहरु हराइरहेको हुँदा फेला पार्नु हुने महानुभावहरुले नजिकैको प्रहरी चौकी अथवा मोवाइल नम्बरमा फोन गरी बुझाइदिनु हुन अनुरोध छ ।

**नाम : अमृता साह**
**ठेगाना : जनकपुरधाम उपमनपा -१८**
**सिम्बोल नं. : २७१४८**
**रजिष्ट्रेशन नं.: १२०-२-२-०२४८१-२०१४**
**सम्पर्क नं. : ९८१७६१६७००**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | सुखद समाचार आउनाले दिन उत्साहपूर्ण रहनेछ । |
| वृष : | तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ । |
| मिथुन : | छोटोसमयमाउपलब्धिहातलागीहुनेछ। |
| कर्कट : | हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले मौका गुम्न सक्छ । |
| सिंह : | कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ। |
| कन्या : | खर्चको जोहो गर्न आफन्त र परिवारबाट टाढिनुपर्ला । |
| तुला : | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । |
| वृश्चिक : | तारिफयोग्य कामले चर्चामा ल्याउन सक्छ । |
| धनु : | समाजले पदीय जिम्मेवारी दिलाउनेछ। |
| मकर : | सानातिना समस्याले केही अप्ठयारो परिस्थिति सिर्जना हुनेछ । |
| कुम्भः | सुन्दर पहिरन, आकर्षक व्यक्तित्व वा तारिफयोग्य कामले चर्चित भइनेछ । |
| मीन : | शत्रुहरु स्वतस् किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



ज्यानामारा खाल्डोकोरुपमा परिणत भएको गंगासागरको डिल,अदालतले काम गर्न रोक लगाएपछि खाल्डो भर्नुको सटा त्यसै छाडेपछि गंगासागरको सुन्दरता विगारेको एकातर्फ छ भने बाटोको रुपमा प्रयोग हुदै आएको उक्त जग्गा दुर्घटना पनि हुन सक्ने समस्या बढाउदै गएको छ। *तस्बिर : टुडे*

# पानी नपरेपछि किसानलाई रोपो जोगाउन चिन्ता

वीरगञ्ज । अकासे पानी नपरेपछि पर्साका दक्षिणी भेगका किसानलाई भर्खरै रोपेको धानबाली जोगाउने चिन्ताले सताएको छ । पर्सासहित मधेस प्रदेशका अधिकाशं जिल्लामा पर्याप्त मात्रामा पानी नपरेपछि भर्खरै रोपेको धानखेतमा अहिले धाँजा फाट्न थालेको छ।

पर्साका किसानले गण्डक नहर, स्यालो ट्यूबवेल, पम्पसेट, डिपबोरिङलगायतका सहायताले जेनतेन धान रोपाइँ गरे पनि अहिले रोपिएका धानलाई जोगाउन निकै सकस परिरहेको छ । कृषि ज्ञान केन्द्रका प्रमुख रामजीवन ठाकुरले पर्सामा ८० प्रतिशत धान रोपाइँ भए पनि पानी अभावका कारण खेतमा धाँजा फाट्न थालेको जानकारी दिनुभयो।

प्रमुख ठाकुरले भन्नुभयो, "पर्सामा ३९ हजार ७३१ हेक्टरको ८० प्रतिशत अर्थात् ३१ हजार ७८४ हेक्टरमा धान रोपाइँ भइसकेको छ। तर बाँकी रहेको २० प्रतिशत रोपाइँ भने अकासे पानीकै भरमा रोप्नुपर्ने बाध्यता छ। पानी नपर्दा विशेषगरी २० देखि २५ प्रतिशत धान रोपाइँ भइसकेको ठाउँमा पानीको चर्को अभाव भइरहेको गुनासो आइराखेको छ।"

कृषि ज्ञान केन्द्रले मात्र गत आर्थिक वर्षमा सिँचाइका लागि साना-ठूला गरेर पाँच सय ५० वटा स्यालो ट्यूबवेल सञ्चालनमा ल्याएको बताउनुभयो।

"केही समय अकासे पानी नपरेको खण्डमा यहाँ कलिलो धानको बिरुवालाई जोगाउन पनि समस्या हुने देखिन्छ", उहाँले भन्नुभयो। पर्सामा सिँचाइका लागि मुख्य आधारका रूपमा गण्डक नहर रहेको छ। तर सो नहरमा पनि अपेक्षाकृत पानी नहुँदा किसानले समस्या भोल्दै आइरहेका छन्।

छिमेकी मुलुक भारतले गण्डक सिँचाइ तथा जलविद्युत् योजनाको सम्झौताअनुसारको आठ सय ५० क्युसेक क्षमताको पानी उपलब्ध नगराउँदा पनि पर्सा, बारा र रौतहटमा धान रोपाइँ प्रभावित भएको छ।



नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख मनोजकुमार पटेलले भारतले अहिले दैनिक औसतमा पाँच सय ५० क्युसेक पानीमात्र उपलब्ध गराउँदै आइरहेको बताउनुभयो। "हामीले सम्झौताअनुसार पाउने आठ सय ५० क्युसेक पानी उपलब्ध गराउनका लागि पर्सासँगै जोडिएको सीमावर्तीमा रहेको भारतीय पक्षलाई चारपटक पत्राचार गरिसक्यौँ।

तर अहिलेसम्म पनि विभिन्न बाहनाबाजी गरेर सम्झौताअनुसारको पानी उपलब्ध हुनसकेको छैन", उहाँले भन्नुभयो, "सम्झौताअनुसार पानी पर्याप्त गर्न नसकेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत सो समस्याका बारेमा परराष्ट्र मन्त्रालय हुँदै भारतको सम्बन्धित निकायमा ध्यानाकर्षण गराउने कार्य पनि भइरहेको छ।"

नारायणी सिँचाइ व्यस्थापन कार्यालय मातहत २९ वटा ट्यूबवेलमध्ये दुईवटा मात्र सञ्चालनमा छन्। सो मातहत रहेका चारवटा ट्यूबवेल पूर्ण रूपमा निष्क्रिय छन्भने २३ वटा ट्यूबवेल आवश्यक मर्मतसम्भार गरेर सञ्चालनमा ल्याउन सकिने भएकाले बजेटको आवश्यकता रहेको कार्यालयले जनाएको छ। प्रमुख पटेलले पर्याप्त पानी नहुँदा पर्सा, बारा र रौतहटमा अपेक्षाकृत रोपाइँ हुन नसकेको बताउनुभयो। "पर्सामा आइतबारदेखि मङ्गलबारसम्म रोपाइँका लागि पानी छुट्याउने गरिन्छ, बारा र रौतहटका लागि भने बुधबारदेखि शनिबारसम्म उपलब्ध गराउने गरिन्छ। तर पर्साका किसानले बारा र रौतहटका किसानको पालोको पानी पनि लगाइदिने समस्या पनि कायमै छ", पटेलले भन्नुभयो।

नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ तारिखमा गण्डक सिँचाइ तथा जलविद्युत् योजना सम्झौता भएको थियो। सो सम्झौताअनुसार दुवै मुलुकमा सिँचाइ गर्ने उद्देश्यसहित भारत सरकारद्वारा नारायणी नदीमा ब्यारेज निर्माण गरी नारायणी सिँचाइ प्रणालीको विकास गरिएको थियो।

सो सिँचाइ योजनाअन्तर्गत पर्सा, बारा र रौतहटको दक्षिणी भेगको ३७ हजार ४०० हेक्टर क्षेत्रफलमा सिँचाइका लागि भारतीय पक्षले नेपालका लागि आठ सय ५० क्युसेक क्षमताको पानी आउने गण्डक नहर निर्माण गरेर सन् १९७५ र १९७६ मा नेपाललाई हस्तान्तरण गरेको थियो।

गण्डक नहर भारतीय भूमि हुँदै नेपाल-भारतको सीमाक्षेत्र जानकीटोला हुँदै पर्सामा पानी भित्रिने गर्छ। यो नहर नेपालतर्फ ८१ किलोमिटर लम्बाइ रहेको छ। यो नहरको नौवटा डिष्ट्रिव्युटरी र ८७ वटा संरचनाअन्तर्गत पर्सा, बारा र रौतहतमा सिँचाइ गर्ने गरिन्छ। प्रमुख पटेलले सम्झौताअनुसार तीन जिल्लाको ३७ हजार ४०० हेक्टर क्षेत्रमा सिँचाइ हुनुपर्ने भएता पनि अहिलेसम्म भने २८ हजार हेक्टर क्षेत्रफलमा मात्र सिञ्चित हुँदै आएको जानकारी दिनुभयो।रासस

# "असफाल्ट प्लान्ट"को प्रदूषणले बस्तीमा सास्ती

सिरहा । यहाँको धनगढीमाई नगरपालिका-३ बनौलीमा 'बजरङ्बली कन्स्ट्रक्सन'द्वारा सञ्चालित सडक निर्माणमा प्रयोग हुने कच्चा पदार्थ तातो मिश्रण तयार गर्ने 'असफाल्ट प्लान्ट'बाट उत्सर्जित प्रदूषणले बस्तीका स्थानीय बासिन्दाको दैनिक जीवन र स्वास्थ्यमा गम्भीर असर पारेको स्थानीयले आरोप लाएका छन्। विगत तीन वर्षदेखि सञ्चालनमा रहेको यस प्लान्टबाट निस्किने धूलो, धुवाँ, कडा गन्ध र आवाजले बस्तीमा दैनिक जीवन कष्टकर बनाएको स्थानीयको गुनासो बढेर गएको छ।

स्थानीयका अनुसार बस्तीको छेउमै रहेको प्लान्टमा गिट्टी र अलकत्रा पकाउने प्रक्रिया भइरहेकाले प्रदूषण अत्यधिक फैलिएको हो। जसको प्रत्यक्ष असर बस्तीमा परेको छ। घरमै बसेर सास फेर्न गाह्रो हुने अवस्था आएको उनीहरू बताउँछन्। "विशेषगरी बिहान र साँझतिर धूलोले चारैतिर ढान्छ, सास फेर्न अप्ठ्यारो हुन्छ, कडा गन्धले उकुसमुकुस बनाउँछ," स्थानीय रवीन्द्र चौधरी भन्नुहुन्छ।

कतिपय स्थानीय त बाध्य भएर घरबास नै अन्यत्र सार्न थालेका छन्। तिनैमध्येका एक स्थानीय विजय सहनीले आफूले तीन किलोमिटर टाढा रहेको आफ्नै जग्गामा बसाइँ सरेको जानकारी दिनुभयो। "यहाँ उद्योगको कडा गन्ध र धूलो-धुवाँले बस्नै नसक्ने भएपछि बाध्य भएर सरेको हुँ", सहनीले भन्नुभयो, "तर त्यहाँसम्म पनि प्रदूषणको असर आइपुगेको छ। अब कहाँ जाने ? जाने ठाउँ नै छैन।"

स्थानीयहरूका अनुसार नजिकका बनौली, घले टोल, छप्रारी टोल, मेदनीपुरलगायतका बस्तीमा प्रदूषणको असर देखिएको छ। ती बस्तीहरूमा हजारौँ मानिस बसोबास गर्ने गरेका छन्, जसले प्रत्यक्ष रूपमा वातावरणीय प्रताडना भोग्नुपरेको स्थानीयको भनाइ छ।



**विद्यालय प्रभावित, बालबालिकामा स्वास्थ्य समस्या**

प्लान्ट नजिकै रहेको नाइटिङ्गेल विद्यामन्दिर स्कुलमा अध्ययनरत सयौँ विद्यार्थी वर्षौंदेखि प्रदूषित वायुमण्डलमा बस्न बाध्य छन्। विद्यालयका प्रधानाध्यापक विजय चौधरीका अनुसार पछिल्ला केही महिनादेखि विद्यार्थीमा वाकवाकी लाग्ने, टाउको दुख्ने, वान्ता आउनेजस्ता समस्या देखिन थालेको छ। उहाँले भन्नुभयो, "यहाँ अध्ययनरत झण्डै ४०० विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर परेको छ।"

अभिभावकहरूले स्वास्थ्य समस्या देखिएपछि अस्पतालसम्म पुऱ्याउनुपरेको जनाएका छन्। बालबालिका, वृद्धवृद्धा र घरबाहिर काम गर्ने व्यक्तिहरू बढी प्रभावित भएको स्थानीयहरू बताउँछन्।

**स्थानीयको उजुरी र प्रशासनको हस्तक्षेप**

स्थानीयले प्लान्टको असरबारे लामो समयदेखि पटक-पटक नियामक निकायमा उजुरी दिएका थिए। जिल्ला प्रशासन कार्यालय सिरहा, इलाका प्रशासन कार्यालय लहान, घरेलु तथा साना उद्योग कार्यालय लहान, इलाका प्रहरी कार्यालय लहानलगायतका निकायमा उजुरीपछि गत असार महिनाको १८ गते इलाका प्रशासन कार्यालय लहानको नेतृत्वमा उक्त प्लान्टको स्थलगत अनुगमन गरिएको थियो। निरीक्षणका क्रममा प्लान्ट सञ्चालक अनुपस्थित रहेकाले इलाका प्रशासनले प्लान्टमा ताला लगाएको थियो।

स्थानीय बासिन्दा, प्लान्ट सञ्चालक र प्रशासनबीच त्रिपक्षीय वार्तापछि असार मसान्तसम्म उद्योग सञ्चालन गर्न दिने र साउन १ गतेदेखि प्रचलित कानुनअनुसार प्रदूषण नियन्त्रणका सबै उपायहरू अवलम्बन गरेर मात्र उद्योग सञ्चालन गर्न दिने सहमति भएसँगै उद्योगको ताला खोलिएको थियो।

तर सहमतिअनुसार प्रदूषण नियन्त्रणका उपायहरू लागू नगरी उद्योग सञ्चालन गरिएको स्थानीयको आरोप छ।

जसले पुरानै रूपमा प्रदूषण फैलिरहेको छ। यसले गर्दा उद्योगलाई रोक लगाउनुपर्ने वा बस्तीभन्दा टाढा स्थानान्तरण गर्नुपर्ने माग उनीहरूको छ। स्थानीय नवीन किशोर चौधरी भन्नुहुन्छ, "बस्तीको छेउमै प्लान्ट सञ्चालन भइरहेको छ। यस्तो अवस्थामा विकल्प के हो ? बस्ती सार्ने कि प्लान्टलाई नै बस्ती नभएको ठाउँमा सार्ने ? मेरा दुई साना बालबालिका यही विद्यालयमा पढ्छन्, उनीहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ।"

प्लान्ट सञ्चालक राजेश्वर साहले भने सबै प्रक्रिया कानुनी रूपमा अघि बढाएको र सरकारी मापदण्डअनुसार प्लान्ट सञ्चालन गरिएको दाबी गर्नुभयो। उहाँले भन्नुभयो, "पहिला कसैलाई केही थिएन, अहिले उद्योग राम्रोसँग चलेपछि सबैको नजर लागेको हो।" उहाँले आवश्यकता परेमा प्लान्ट अन्यत्र सार्न तयार रहेको र वातावरणीय अध्ययन गरेर निष्कर्ष निकाल्नुपर्ने धारणा राख्नुभयो।

तर स्थानीयले भने वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए वा आइइई) बिना उद्योग सञ्चालित भएको आरोप लगाएका छन्। प्लान्ट घरेलु कार्यालयमा मात्र 'कन्स्ट्रक्सन कम्पनी'का रूपमा दर्ता भएको कार्यालयले बताएको छ। स्थानीय, शिक्षक र अभिभावकले तत्काल प्लान्ट बन्द नगरिए कडा आन्दोलनमा उत्रनुपर्ने चेतावनी दिएका छन्। उनीहरूको भनाइमा, स्थानीयको स्वास्थ्य र वातावरणीय असरलाई बेवास्ता गर्दै निर्माण व्यवसायी सहले प्लान्टलाई दीर्घकालीन रूपमा सञ्चालन गर्ने योजना अघि बढाइरहेका छन्। यसले स्थानीय समुदायमा थप असन्तोष र आक्रोश पैदा गरिरहेको छ।

इलाका प्रशासन कार्यालय लहानका प्रमुख गोकर्णराज सुयलका अनुसार प्लान्टको वातावरणीय असरबारे थप अध्ययन र अनुगमन प्रक्रिया अघि बढाइनेछ। "जनस्वास्थ्यभन्दा ठूलो कुरा अरू हुन सक्दैन। त्यसैले हामीले स्थानीयको सहमति बेगर उद्योग सञ्चालन गर्न नदिने निर्णय गरेका छौँ", उहाँले थप स्पष्ट पार्दै भन्नुभयो, "प्रहरीसँग समन्वय गरेर घरेलु तथा साना उद्योग कार्यालयलाई उक्त उद्योग तत्काल बन्द गर्न निर्देशन दिइसकिएको छ। यदि सञ्चालकलाई चित्त नबुझेमा माथिल्लो निकायमा वा कानुनी प्रक्रिया अवलम्बन गर्नसक्ने विकल्प खुला छ।"

धनगढीमाई नगरपालिकाका नगरप्रमुख शिवशङ्कर महतोले प्लान्टको विषयमा चाँडै अनुगमनमा जाने र आवश्यक अध्ययन गर्ने प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "यदि वातावरणमा असर गरेको पुष्टि भएमा आवश्यक कारबाही गरिन्छ, प्लान्ट बन्द गर्न निर्देशन दिन सकिन्छ। जनस्वास्थ्य र वातावरणको सुरक्षामा कुनै सम्झौता गरिँदैन।"रासस

# पर्सामा अतिक्रमणमा परेको जग्गा फिर्ता गरेर वृक्षरोपण

वीरगञ्ज ।डिभिजन वन कार्यालय पर्साले यहाँको गादीमाई साझेदारी वनको अतिक्रमणमा परेको जग्गा फिर्ता गरेर वृक्षरोपण गरेको छ।

पर्टेवासुगौली वडा नं २ मा रहेको करिब छ हेक्टर वन क्षेत्र सर्वसाधारणले अतिक्रमण गरेर खेती गर्दै आइरहेका थिए। डिभिजन वन कार्यालय र गादीमाई साझेदारी वनको सक्रियतामा अतिक्रमणमा परेको जग्गा फिर्ता गरेर अहिले विभिन्न पाँच प्रजातिका १० हजार बिरुवा रोपिएको छ।

डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले स्थानीयसँग समन्वय गरेर अतिक्रमणमा भएको वनको जग्गालाई तारजालीले घेरवार गरेर वृक्षरोपण गरेको जानकारी दिनुभयो। "सर्वसाधारणले साझेदारी वन अतिक्रमण गरेर खेती गर्दै आइरहेका थिए, हामीले यहाँका स्थानीयसँग पटक-पटक छलफल र समन्वय गरेर मात्रै अतिक्रमणमा परेको जग्गा फिर्ता गरेर वृक्षरोपण गरेका हौँ", उहाँले भन्नुभयो।

सो ठाउँका कृषकले धान, मकैलगायतका विभिन्न खेती गर्दै आइरहेका थिए। सबडिभिजन वन कार्यालय रङ्गपुरका अधिकृत उज्ज्वल यादवले १० हजारभन्दा धेरै प्रजातिका सिमल, मसला ट्री, शिरिष, खमारी, अम्बालगायतका प्रजातिका बिरुवा रोपेको जानकारी दिनुभयो। "अहिले साढे आठ रेक्टर क्षेत्रफलमा तारजाली घेरवार गरेर वन संरक्षणलाई अघि बढाएका छौँ", उहाँले भन्नुभयो।

**शीतपुरमा वृक्षरोपण गर्न समस्या कायमै**

सखुवाप्रसौनी गाउँपालिका-१ शीतपुरमा साझेदारी वनको जग्गामा स्थानीयले खेती गरेपछि वन संरक्षणमा केही जटिलता थपिएको छ। सोमबार डिभिजन वन कार्यालयका डिभिजन वन अधिकृत अहमद र सखुवाप्रसौनी गाउँपालिका अध्यक्ष यशवन्त यादवसहितका स्थानीयसँग साझेदारी वन संरक्षणको विषयमा छलफलसमेत भएको थियो।

विन्दवासिनी कोइलाभार बढनिहार साझेदारी वनका अध्यक्ष रिजवान अन्सारीले सखुवाप्रसौनी-१ शितपुरमा स्थानीयको अतिक्रणको कारणले वृक्षरोपण कार्य प्रभावित भएको बताउनुभयो। "स्थानीयले साझेदारी वन मातहतको क्षेत्रमा खेती गर्न पाउने भन्ने खालको माग राखेकाले पनि वृक्षरोपण कार्य प्रभावित हुँदै आइरहेको छ"। रासस

# सिरहाको बेतौनावासीको गुनासो 'हाम्रो आवाज सुन्ने कोही भएनन्'

सिरहा । गोलबजार नगरपालिका-१२ स्थित बेतौना पालटोलका बासिन्दा पछिल्लो १० वर्षदेखि विकासको बाटो कुर्दै बसेका छन्। दुईपटक स्थानीय निर्वाचन सम्पन्न भइसकेको भए पनि यहाँका बासिन्दाले अझै विकासको स्वाद चाख्न पाएका छैनन्।

एक सयभन्दा बढी घरपरिवार रहेका यो बस्तीमा न बाटो मर्मत भएको छ, न खानेपानी, न त अन्य कुनै पूर्वाधार निर्माण नै। वरपरका गाउँमा सडक ढलान, मन्दिर, पाहुनाघर, विद्युतीकरणजस्ता सम्पन्न भइसके पनि पालटोलमा भने अहिलेसम्म विकासका नाममा एक चपेटा माटोसमेत हालिएको छैन।

विकासका नाममा राज्यका विभिन्न सरकारी निकाय तथा जनप्रतिनिधिबाट सधैँ उपेक्षा गरिएको भन्दै स्थानीय पूर्वशिक्षक शम्भु राउत भन्नुहुन्छ, "हामी विपक्षी ठहरिएका छौँ, त्यसैले जनप्रतिनिधिले नजरअन्दाज गरे। पटकपटक वडाबाट पालिकासम्म गुहार गर्दा पनि हाम्रो आवाज सुन्ने कोही छैन।"

बस्तीका ७८ वर्षीय सुकदेव राउतको गुनासो उस्तै छ। उहाँ भन्नुहुन्छ, "अब त पानी पनि अरूकहाँबाट ल्याएर पिउनुपरेको छ।" अन्य स्थानीयहरूले पनि बस्तीलाई दलगत राजनीतिले विभाजित गरेर विकासबाट टाढा राखिएको आरोप लगाएका छन्।

यसबारेमा वडाध्यक्ष गणेशकुमार मुखिया भन्नुहुन्छ, "बजेट अभावका कारण काम ढिलो भएको हो। हामीले पालटोललाई बेवास्ता गरेका होइनौँ। सडक ढलानको काम एकैपटक मिलाएर प्रभावकारी बनाउने सोच छ, त्यसैले केही समय लागिरहेको हो। विकास गर्न हामी पनि इच्छुक छौँ, तर स्रोत साधनले सीमित बनाएको छ।"

नगरप्रमुख श्यामकुमार श्रेष्ठले पालटोलको अवस्थाबारे जानकारी रहेको भन्नुहुँदै नगरपालिकाले सम्भव भएसम्म छिट्टै पूर्वाधार विकास गर्ने योजना बनाइरहेको बताउनुभयो।

"हामीलाई पालटोलका समस्या थाहा छ, बजेट र प्राथमिकताको आधारमा पालिकाभित्रका सबै वडामा विकासको सन्तुलन मिलाउने कोसिस गर्दैछौँ", उहाँले भन्नुभयो, "यसपालिको नीति तथा कार्यक्रममा पनि पालटोललाई समेट्ने प्रयास गरिएको छ।"

तर १० वर्षसम्मको प्रतीक्षा, गुहारी, माग र आश्वासनबीच पनि काम नहुनु अब पालटोलवासीका लागि पीडाभन्दा पनि चिन्ताको विषय बन्न थालेको छ।रासस

**न्यायालय मे,**
**सब जज नं.-१,**
**सीतामढी।**
इजराय वाद संख्या-२/२४
मु. सरस्वती देवी वो. -------------------------- डिक्रीदार
बनाम
शिवनाथ प्रसाद वो. ---------------------------- मदीउनान

**नोटिस बनाम**

(१) निभा देवी पति सतीश प्रसाद पुत्री शिवनाथ प्रसाद साकिन मोजे लोहारपट्टी जिला महोत्तरी (नेपाल) (२) मीना देवी राज करण प्रसाद (३) निर्मला देवी पति धरम प्रसाद दोनो पुत्री शिवनाथ प्रसाद साकिन मोजे जनकपुर जिला सर्लाही (नेपाल) थाना चौक के पास (४) सविता देवी पति अशोक प्रसाद पुत्री शिवनाथ प्रसाद साकिन मोजे जनकपुर जिला सर्लाही जानकी मंदिर के पीछे (नेपाल)

चू वजरिये पेपर प्रकाशन के आप लोगो को सूचित किया जाता है कि उपरोक्त वाद मे आपलोगो पर न्यायालय से नोटिस भेजा जा चुका है। के जानकारी के बाबजूद आपलोगो उपरोक्त वाद मे हाजिर नही हो रहे है। इसलिए इस पेपर प्रकाशन के माध्यम से आपलोगो को अन्तिम बार आगाह किया जाता है कि आपलोग दिनांक ३०.७.२५ को १०:३० बजे पूर्वाहन मे मेरे न्यायालय मे स्वयं या अपने अधिवक्ता के माध्यम से उपस्थित होकर उपरोक्त वाद मे उचित पेरवी करें, अन्यथा आपलोगो के खिलाफ एम्क्षीय सुनवाई कर मौक्दमा मे आगे की कार्रवाई की जाएगी।

इसे ताकिद जाने।

स्थान:- सीतामढी कोर्ट। सब जज नं.-१
तारीख - सीतामढी।

**श्री धर्म संस्था**
**(रामस्वरुप साह रामसागर साह)**
**मिल्स एरिया, जनकपुरधाम-१, धनुषा**

**पदपूर्ती गर्ने सम्बन्धि सूचना**

मिति २०८२/०४/४ गते बसेको माछा बजार निर्माण उप-समितिको निर्णय अनुसार यस श्री धर्म संस्था (रामस्वरुप साह, रामसागर साह) मिल्सएरिया जनकपुरधाम-१ मा सिभिल ओभरसियरको आवश्यकता भएकोले यो सूचना प्रकाशित मितिले ७ दिन भित्र तपसिलमा उल्लेखित ढाँचामा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी वा म्याद नाघेर आएका दरखास्तहरु माथि कुनै कारवाही गरिने छैन।


| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | नियुक्ति किसिम |
|---|---|---|---|---|
| १ | १/ २०८२/०८३ | सिभिल ओभरसियर | ०१ | करार |

**योग्यता**
१. नेपाल सरकारवाट मन्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ओभरसियरका विषय वाट उतीर्ण हुनुपर्ने छ।
२. उमेरको हकमा दरखास्त मितिसम्म ४५ वर्ष न नाघेको हुनुपर्ने छ।
३. नैतिक पतन नदेखिने, फौजदारी अभियोग अदालतवाट कसुदार नठहरीएको हुनुपर्ने छ।
४. सम्बन्धि फिल्डमा कम्तीमा २ वर्ष काम गरेको अनुभवीलाई विषेश ग्राहयता दिइनेछ।

**आवेदकले निवेदन संग पेश गर्नु पर्ने कागजातहरू :**
(क) नेपाली नागरीकता प्रमाण-पत्रको प्रतिलिपि थान-१
(ख) शैक्षिक योग्यताको प्रमाण-पत्र १/१ प्रति
(ग) चारीत्रिक प्रमाण-पत्रको प्रतिलिपि थान-१
(घ) अनुभव प्रमाण-पत्रको छायाँप्रति थान -१
(ङ) तीन प्रति पास्पोर्ट साइजको फोटो-३
(च) मोटर साइकल चलाउन प्राप्त अनुमति पत्रको प्रतिलिपि ,
(छ) आवेदकले अ-आफनो न्युनतम तलब/पारिश्रमिक उल्लेख गरिने ,

**नोट** :- परीक्षा प्रणाली मौखिक (Interview) तथा प्रयोगात्मक समेत हुने छ। निवेदन यस श्री धर्म संस्थाको कार्यालय समयमा वुझाउनु पर्ने छ। परिक्षाको समय संस्थाले तोके बमोजिम हुने छ।

**दिवाकर प्रसाद साह**
**(संयोजक)**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अवैध धन्धामा चिनियाँ

सुन लगायतका कयौं तस्करीमा संलग्न रहेका चिनियाँ नागरिकहरुले राजधानी काठमाण्डुसँगै मधेशमा समेत अवैध धन्धा विस्तार गरेका छन् । सीमावर्ती क्षेत्रमा व्यापारको नाममा अर्कै धन्धाहरु गरिरहेको देखिन्छ । दक्षिणी सीमा क्षेत्रमा चिनियाँ नागरिकहरुको अवैध रुपमा भारतीय क्षेत्रमा समेत जाने गरेको पाइएको छ । केही चाइनिज नागरिक त सीमा क्षेत्रमा पक्राउ समेत पर्ने गरेका छन् । उनीहरुको भित्री उद्देश्य खुद्रा व्यापार भन्दा गुप्तचरी रहेको छ । उनीहरु चीनका लागि जासुसी गरिरहेको सम्भावना बढी देखिन्छ । चिनियाँ नागरिकलाई नेपालको दक्षिणी सीमावर्ती क्षेत्रमा समान बिक्री गर्नुको उद्देश्य जासुसी हुन सक्ने अनुमान गरिएको छ । पछिल्लो समयमा चिनियाँ नागरिकको गतिविधि सीमा क्षेत्रमा निकै बढेको देखिन्छ । बाहिरबाट उनीहरु खुद्रा व्यवसाय गर्न आएको जस्तो देखिए पनि भित्री रुपमा धन्धा अर्कै गरिरहेको देखिन्छ । केही समय पूर्व वीरगञ्जबाट अवैध रुपमा नेटवर्किंग जुवा खेलाउने लगायतका प्रतिबन्धित कार्यमा संलग्न रहेको आरोप ठूलो परिमाणमा उपकरण सहित चिनियाँ नागरिकहरु पक्राउ परेका थिए । भारतमा अवैध रुपमा प्रवेश गर्ने क्रममा पनि चिनियाँ नागरिकहरु पक्राउ पर्न थालेका छन् । त्यसकारण सीमा क्षेत्रमा सुरक्षा निगरानीलाई कडा बनाइएको छ । नेपाल र भारत दुवै तर्फबाट सीमा क्षेत्रमा कडाईका साथ जाँच गर्न थालिएको छ । चिनियाँ नागरिकहरु अवैध रुपमा नेपालमा सुन तस्करीमा लामो समयदेखि सक्रिय रहेको देखिन्छ । चिनियाँ नागरिकहरुले विभिन्न मार्गबाट भारी परिमाणमा नेपालमा सुन ल्याउने र भारतमा तस्करी गरेको पाइन्छ । नेपालमा चाहिने सुनको भन्दा धेरै बढी मात्रामा तस्करीबाट सुन आउने गरेको छ । त्यसमा चिनियाँ नागरिकहरुको संलग्न भेटिएको छ । नेपाल भएर सुन भारतमा तस्करी हुने गरेको छ । नेपाललाई चिनियाँहरुले सुन तस्करीको ट्रान्जिटको रुपमा प्रयोग गरिरहेका छन् । नेपालको त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलबाट र केरुंग नाकाबाट कयौं पटक तस्करीको अत्यधिक सुन बरामद गरिएको छ । चिनियाँहरुले नेपालमा अवैध रुपमा लामो समय बस्ने गरेको समेत पाइएको छ । नेपालमा रहेर उनीहरु कयौं प्रकारका आपराधिक क्रियाकलापमा संलग्न रहेको पाइन्छ । नेपालमा चिनियाँ नागरिकहरुको गतिविधिलाई थप निगरानी गर्नुपर्ने देखिन्छ । चिनियाँहरुको कारण अन्य मुलुकसितको सम्बन्धमा समेत कटुता आउन सक्छ । नेपालमा सबै छिमेकी राष्ट्रहरुसित मधुर सम्बन्ध राख्दै आएको छ । तर अन्य मुलुकका अपराधिक गतिविधि अथवा जासुसी गर्नेहरुलाई कारबाही गर्नुपर्छ । नेपाली भूमि कुनै देशका लागि कुनै देशको विरुद्ध प्रयोग हुन नदिनेमा नेपाल प्रतिवद्ध छ । चिनियाँ नागरिकहरुको सीमा क्षेत्रमा बढेको गतिविधिलाई विशेष निगरानी गर्न आवश्यक छ ।

# मधेसमा मरुभूमिकरणका लागि जिम्मेवार कारकहरु

# सामाजिक-आर्थिक जीविकोपार्जनमा प्रभाव



डा. केदार कार्की

"समयसँगै परिवर्तन हुने र स्थान अनुसार फरक हुने धेरै कारकहरूको संयोजनबाट मरुभूमिकरण हुन्छ। यसमा जनसंख्याको दबाब, सामाजिक-आर्थिक र नीतिगत कारकहरू, र अन्तर्राष्ट्रिय व्यापार जस्ता अप्रत्यक्ष कारकहरू, साथै भूमि प्रयोग ढाँचा र अभ्यासहरू र जलवायु-सम्बन्धित प्रक्रियाहरू जस्ता प्रत्यक्ष कारकहरू समावेश छन्।"

यी कारकहरूले भूमि उत्पादकत्वमा कमी र क्षय र गरिबीको नकारात्मक चक्र निम्त्याउँछन्। जहाँ परिस्थितिले अनुमति दिन्छ, सुख्खा भूमिको जनसंख्याले आफ्नो कृषि र चरन अभ्यासहरूमा दिगो सुधार गरेर क्षयबाट बच्न सक्छ।

समस्याहरूको प्रभावकारी रूपमा सामना गर्न, प्राकृतिक अवस्था र व्यवस्थापन निर्णयहरू साथै आर्थिक र नीतिगत कारकहरूबाट हुने प्रभावहरू बीच छुट्याउन महत्त्वपूर्ण छ - तर गाह्रो पनि छ।

हालैका समयमा, भौतिक, रासायनिक र जैविक प्रक्रियाहरूद्वारा प्रेरित भूमि क्षयीकरण मानव गतिविधिहरूको कारणले तीव्र भएको छ। मुख्य कारणहरूमा वातावरणीय दिगोपनलाई विचार नगरी अव्यवस्थित पूर्वाधार विकास, औद्योगिकीकरण, उच्च कार्बन-गहन ऊर्जा प्रयोग, अत्यधिक चरन र प्राकृतिक स्रोतहरूको अत्यधिक शोषण समावेश छ। लामो समयसम्म खडेरी बढ्दै गइरहेको छ, र जलवायु परिवर्तनले तिनीहरूको घटनामा अनिश्चितता र जटिलता थप्छ।

स्रोतसाधनको दिगो प्रयोग र सहयोगी पूर्वाधारको अभाव निम्त्याउने नीतिहरू भूमि क्षयीकरणमा प्रमुख योगदानकर्ता हुन्। यसको विपरीत, यसले सार्वजनिक नीतिहरू र भौतिक पूर्वाधारलाई उपयोगी हस्तक्षेप बिन्दु बनाउँछ। यसरी, कृषि, यसलाई व्यवस्थित गर्ने तरिकामा निर्भर गर्दै, सकारात्मक वा नकारात्मक भूमिका खेल्न सक्छ। यो उपलब्ध सामाजिक-आर्थिक स्रोतसाधन, अपनाइएका नीतिहरू र शासनको गुणस्तरमा निर्भर गर्दछ। स्थानीय संस्थाहरू, जस्तै समुदाय-आधारित भूमि-उपयोग निर्णय गर्ने निकायहरू र सामाजिक सञ्जालहरूले, भूमि प्रयोगकर्ताहरूलाई भूमि, पूँजी, श्रम र प्रविधिमा राम्रो पहुँच मार्फत पारिस्थितिक प्रणाली सेवाहरू अझ प्रभावकारी रूपमा व्यवस्थापन र प्रयोग गर्न अनुमति दिएर मरुभूमिकरण रोक्न योगदान गर्न सक्छन्।

घाँसे मैदान क्षेत्रहरूमा दिगो कृषिले पशुपालनलाई प्रतिस्थापन गर्ने नीतिहरूले मरुभूमिकरणमा योगदान पुऱ्याउन सक्छन्। व्यवहार्य बाली प्रणालीहरू टिकाउन नसक्ने घाँसे मैदान क्षेत्रहरूमा कृषिलाई प्रवर्द्धन गर्ने नीतिहरू र पूर्वाधारहरूले मरुभूमिकरणमा योगदान पुऱ्याउँछन्। धेरैजसो सुख्खा भूमि क्षेत्रहरू (६५%) बाली उत्पादन भन्दा स्थायी पशुपालनको लागि उपयुक्त चरनहरू हुन्। उदाहरणका लागि, घुमन्ते पशुपालन एक घाँसे मैदान व्यवस्थापन अभ्यास हो जुन शताब्दीयौंदेखि पारिस्थितिक प्रणाली बोक्ने क्षमतासँग दिगो र उपयुक्त साबित भएको छ। सीमान्त सुख्खा भूमिमा घुमन्तेहरूको स्थायी बसोबास र सीमापार तिनीहरूको आवागमनमा अन्य सीमितताहरूले मरुभूमिकरण निम्त्याउँछ किनभने तिनीहरूले खडेरी जस्ता दबावहरूको सामना गर्दा आर्थिक गतिविधिहरू समायोजन गर्ने मानिसहरूको क्षमतालाई कम गर्छन्।

ऐतिहासिक रूपमा, सुख्खा भूमिको जीविकोपार्जन शिकार, भेला, बाली उत्पादन र पशुपालनको मिश्रणमा आधारित छ। यो मिश्रण समय, स्थान र संस्कृतिसँगै यसको संरचनामा भिन्न भएको छ। कठोर र अप्रत्याशित जलवायु परिवर्तनशील सामाजिक-आर्थिक र राजनीतिक कारकहरूसँग मिलेर सुख्खा भूमिका बासिन्दाहरूलाई भूमि प्रयोगमा लचिलोपन अपनाउन बाध्य पारेको छ। यद्यपि, जनसंख्याको दबाबले दुई मुख्य भूमि प्रयोगहरू: चरन र खेती गरिएको भूमि प्रयोग बीच तनाव बढाएको छ। केही क्षेत्रहरूमा, यसले अन्तर-सांस्कृतिक द्वन्द्व र फोहोर भूमिको सिर्जना निम्त्याएको छ किनकि गोठालाहरू र किसानहरूले एउटै भूमिमा पहुँच र प्रयोगको दाबी गर्छन्। अन्य अवस्थामा, यसले दुई भूमि प्रयोगहरू बीच समन्वयात्मक अन्तरक्रिया र एकीकरणको नेतृत्व गरेको छ, गोठालाहरूले बढी जग्गा खेती गर्छन्, किसानहरूले बढी पशुधन राख्छन्, र दुई समूहहरू बीच सेवाहरूको आदानप्रदान बढेको छ। गोठालाहरू र किसानहरू बीचको समन्वयात्मक व्यवहार सरकारी नीतिहरू र अनुकूल बजार अवसरहरू दुवैद्वारा संचालित हुन्छ; दुवै समूहहरू जब यो आफ्नै निहित स्वार्थमा हुन्छ तब सहयोग गर्छन्।

ठूलो मात्रामा सिँचाइले धेरै वातावरणीय समस्याहरू पनि निम्त्याएको छ - जस्तै पानी जम्ने र लवणीकरण, पानी प्रदूषण, युट्रोफिकेशन, र भूगर्भीय जलभण्डारहरूको असंतुलित शोषण - जसले सुख्खा भूमिको सेवा प्रणालीलाई बिगार्छ। यस्ता सिँचाइ अभ्यासहरूमा, नदीहरू प्रायः तिनीहरूको बाढी मैदानहरू र अन्य आन्तरिक जल बासस्थानहरूबाट काटिन्छन्, र भूमिगत पानी रिचार्ज कम हुन्छ। यी मानव-प्रेरित परिवर्तनहरूले माछा प्रजातिहरूको बसाइँसराइ ढाँचा र नदी किनारका बासस्थानहरूको प्रजाति संरचनामा प्रभाव पारेको छ, विदेशी प्रजातिहरूको लागि बाटो खोलेको छ, तटीय पारिस्थितिक प्रणालीहरू परिवर्तन गरेको छ, र ताजा भूमिमा जैविक विविधता र आन्तरिक माछा पालन स्रोतहरूको समग्र क्षतिमा योगदान पुऱ्याएको छ। समग्रमा, सुख्खा भूमिमा जैविक विविधता र आन्तरिक पानी प्रणालीहरूद्वारा प्रदान गरिएका सेवाहरूमा गिरावट आएको छ, उदाहरणका लागि, सुख्खा भूमि गोठालाहरूले चाराको गुणस्तर सुधार गर्न नियन्त्रित आगो प्रयोग गर्छन्, र सुख्खा भूमिका किसानहरूले खेतीको लागि नयाँ जमिन तयार गर्न आगो प्रयोग गर्छन्। यसको विपरीत, केही क्षेत्रहरूमा प्राकृतिक वनस्पतिलाई असर गर्ने आगो मरुभूमिकरणको महत्त्वपूर्ण कारण हुन सक्छ। अत्यधिक तीव्रता र आवृत्तिले पारिस्थितिक प्रक्रियाहरूमा अपरिवर्तनीय परिवर्तनहरू र अन्ततः मरुभूमिकरण निम्त्याउन सक्छ। यस्ता परिवर्तनहरूको परिणामस्वरूप माटोको जैविक पदार्थको क्षति, क्षय, जैविक विविधताको क्षति, र धेरै वनस्पति र जनावर प्रजातिहरूको बासस्थानमा परिवर्तन समावेश छ।

> नेपालमा, मरुभूमिकरण (सुक्खा भूमिमा भूमि क्षय) प्रायः जलवायु परिवर्तनसँग सम्बन्धित छ, जसले लामो समयसम्म खडेरी र अनियमित वर्षा निम्त्याउन सक्छ। यसले मानिसहरूलाई प्रभावित क्षेत्रहरूबाट बसाइँ सर्न बाध्य पार्न सक्छ, जसले गर्दा विस्थापन हुन्छ। यसका साथै, स्रोतसाधनको अभावका कारण जीविकोपार्जनको आवश्यकताले गर्दा दिगो कृषि अभ्यास र अत्यधिक चरनले मरुभूमिकरणलाई अझ बढाउन सक्छ।

जलवायु परिवर्तनका कारण हुने विस्थापन, विशेष गरी मुख्य मधेश क्षेत्रहरूबाट, सामाजिक द्वन्द्वलाई बढावा दिन सक्छ र नेपालमा मरुभूमिकरणमा योगदान पुऱ्याउन सक्छ। विस्थापनले नयाँ क्षेत्रहरूमा स्रोतहरूको लागि प्रतिस्पर्धा बढाउन सक्छ, जसले गर्दा विस्थापित समुदाय र अवस्थित बासिन्दाहरू बीच द्वन्द्व उत्पन्न हुन सक्छ। थप रूपमा, विस्थापनले परम्परागत सामाजिक संरचनाहरूलाई बाधा पुऱ्याउन सक्छ र पहिचान र सांस्कृतिक अभ्यासहरू गुमाउने भावना निम्त्याउन सक्छ, जसले सामाजिक एकतामा नकारात्मक प्रभाव पार्न सक्छ। मरुभूमिकरण, वा सुख्खा भूमिमा भूमि क्षयीकरण, विस्थापनको कारण र परिणाम दुवै हुन सक्छ, किनकि बढ्दो सुख्खा अवस्थाका कारण मानिसहरू बसाइँ सर्न बाध्य हुन सक्छन्, जबकि दिगो भू-उपयोग अभ्यासहरू मार्फत थप क्षयीकरणमा पनि योगदान पुऱ्याउँछ।

नेपालको मधेसमा मरुभूमिकरण दिगो कृषि अभ्यास, वन फँडानी र जनसंख्या वृद्धिको संयोजनबाट संचालित छ, जसले गर्दा गम्भीर सामाजिक-आर्थिक र जीविकोपार्जनमा प्रभाव पर्छ। यी कारकहरूले माटोको उर्वरता नष्ट गर्छन्, कृषि उत्पादकत्व घटाउँछन् र गरिबी बढाउँछन्, विशेष गरी आफ्नो जीविकोपार्जनको लागि जमिनमा निर्भर मानिसहरूका लागि।

**मधेसमा मरुभूमिकरणका लागि जिम्मेवार कारकहरू:**

**अदिगो कृषि:**

एकल बाली खेती, अत्यधिक चरन, र रासायनिक मल र कीटनाशकहरूको अत्यधिक प्रयोगले माटोको पोषक तत्वहरू घटाउँछ र जमिनलाई बिगार्छ। कृषि, दाउरा र काठको लागि वन फँडानीले माटोको क्षय र पोषक तत्वको क्षतिलाई अझ बढाउँछ।

**वन फँडानी:**

कृषि र अन्य उद्देश्यका लागि वन फँडानी गर्नाले वनस्पतिको आवरण घट्छ, जसले माटोलाई क्षय र पोषक तत्वको क्षतिको लागि बढी जोखिममा पार्छ। वन फँडानीले स्थानीय वर्षाको ढाँचालाई पनि बाधा पुऱ्याउँछ र तापक्रम बढाउँछ, जसले माटोको स्वास्थ्यमा असर गर्छ।

**जनसंख्या वृद्धि:**

बढ्दो जनसंख्याको चापले कृषि र बसोबासको लागि थप जमिन खाली गरिरहेको छ, जसले गर्दा वन फँडानी, पानीको स्रोतको ह्रास र पारिस्थितिक प्रणालीको विनाश भइरहेको छ।

**जलवायु परिवर्तन:**

खडेरीको बढ्दो आवृत्ति र तीव्रता, अनियमित वर्षा र बढ्दो तापक्रमले मरुभूमिकरण र भूमि क्षयीकरणलाई बढावा दिइरहेको छ।

**पूर्वाधारको अभाव:**

सिँचाइ, उचित जल निकासी र अन्य आवश्यक पूर्वाधारहरूमा सीमित पहुँचले माटोको क्षय र मरुभूमिकरणमा योगदान पुऱ्याउँछ।

**दिगो सिँचाइ अभ्यासहरू:**

अत्यधिक सिँचाइले जलमग्नता र माटोको लवणीकरण निम्त्याउन सक्छ, जसले माटोको उर्वरता घटाउन सक्छ।

**बारम्बार आगलागी:**

अनियन्त्रित आगोले वनस्पतिको आवरणलाई नष्ट गर्न सक्छ, जसले माटोको क्षय र थप क्षय निम्त्याउँछ।

**भूमि प्रयोग परिवर्तन:**

प्राकृतिक बासस्थानलाई कृषि वा शहरी विकासमा रूपान्तरण गर्दा पारिस्थितिक सन्तुलन बिग्रन्छ र मरुभूमिकरणको सम्भावना बढ्छ।

**परम्परागत भूमि प्रयोगको त्याग:**

परम्परागत भूमि व्यवस्थापन अभ्यासहरूको त्यागले जैविक विविधता हानि र माटोको क्षय निम्त्याउन सक्छ।

**सामाजिक-आर्थिक र जीविकोपार्जनमा प्रभाव:**

**कृषि उत्पादकत्वमा कमी:**

मरुभूमिकरणले बाली उत्पादनमा गिरावट ल्याउँछ, विशेष गरी कृषिमा आश्रित समुदायहरूको लागि खाद्य सुरक्षा र जीविकोपार्जनमा असर गर्छ।

**गरिबी र खाद्य असुरक्षा:**

कृषि उत्पादकत्व र आयका अवसरहरूमा कमीले गरिबी र खाद्य असुरक्षा बढाउँछ, विशेष गरी कमजोर जनसंख्यामा।

**पानीको अभाव:**

मरुभूमिकरणले पानीको उपलब्धतामा कमी ल्याउन सक्छ, जसले मानव उपभोग र कृषि उत्पादन दुवैलाई असर गर्छ।

**जैविक विविधताको क्षति:**

मरुभूमिकरणले वनस्पति र पशु प्रजातिहरूको क्षति निम्त्याउन सक्छ, जसले पारिस्थितिक प्रणालीको समग्र स्वास्थ्य र लचिलोपनलाई असर गर्छ।

**बढ्दो बसाईसराइ:**

मरुभूमिकरणको कारणले जीविकोपार्जनका अवसर हरूमा कमीले शहरी क्षेत्र वा अन्य क्षेत्रहरूमा विस्थापन र बसाईसराइ निम्त्याउन सक्छ।

**सामाजिक द्वन्द्व:**

विशेष गरी उच्च जनसंख्या घनत्व भएका क्षेत्रहरूमा पानी र जमिन जस्ता दुर्लभ स्रोतहरूको लागि प्रतिस्पर्धाले सामाजिक द्वन्द्व निम्त्याउन सक्छ।जलवायु परिवर्तनसँग सम्बन्धित विस्थापन, विशेष गरी नेपालको मधेस क्षेत्र (जुन तराई क्षेत्र हो) जस्ता क्षेत्रहरूमा, पुनर्वास क्षेत्रहरूमा भूमि, पानी र अन्य स्रोतहरूको लागि प्रतिस्पर्धा बढाउन सक्छ। यो प्रतिस्पर्धाले विस्थापित समुदायहरू र अवस्थित जनसंख्या बीच सामाजिक तनाव र द्वन्द्वलाई बढावा दिन सक्छ, विशेष गरी यदि जातीय, धर्म वा सांस्कृतिक अभ्यासहरूमा भिन्नताहरू छन् भने।

मुख्य मधेसबाट पहाडी समुदायहरूको विस्थापनले परम्परागत सामाजिक संरचना र सञ्जालहरूमा अवरोधहरू निम्त्याउन सक्छ। सामुदायिक एकता, अनौपचारिक सामाजिक सुरक्षा जाल र सांस्कृतिक अभ्यासहरूको क्षतिले व्यक्तिगत, घरपरिवार र समुदाय स्तरमा कल्याणमा गहिरो नकारात्मक प्रभाव पार्न सक्छ।

**स्वास्थ्य प्रभाव:**

स्वच्छ पानी र खानामा कम पहुँचले कुपोषण र रोगहरूको जोखिम बढाउन सक्छ।

**लैङ्गिक असमानता:**

मरुभूमिकरणले महिलाहरूलाई असमान रूपमा असर गर्न सक्छ, जो प्रायः आफ्नो जीविकोपार्जनको लागि प्राकृतिक स्रोतहरूमा निर्भर हुन्छन् र जलवायु झट्काको लागि बढी जोखिममा हुन्छन्।

**सांस्कृतिक सम्पदाको क्षति:**

समुदायहरू विस्थापित हुँदा वा परिवर्तनशील वातावरणीय अवस्थाहरूमा अनुकूलन गर्न बाध्य हुँदा भूमि व्यवस्थापन र कृषिसँग सम्बन्धित परम्परागत ज्ञान हराउन सक्छ।

जलवायु परिवर्तनसँग सम्बन्धित विस्थापनलाई सम्बोधन गर्न सामाजिक, आर्थिक र वातावरणीय कारकहरूलाई विचार गर्ने व्यापक दृष्टिकोण आवश्यक छ। यसमा समावेश छन्:

जलवायु-लचिलो विकासः जोखिममा परेका समुदायहरूमा जलवायु परिवर्तनको प्रभावलाई कम गर्न अनुकूलन उपायहरूमा लगानी गर्ने।

द्वन्द्व समाधान र शान्ति निर्माणः समुदायहरू बीचको तनाव कम गर्न संवाद र द्वन्द्व समाधान संयन्त्रहरूलाई प्रवर्द्धन गर्ने।

दिगो भूमि व्यवस्थापनः दिगो कृषिलाई प्रवर्द्धन गर्ने, वन फँडानी घटाउने र मरुभूमिकरण रोक्ने अभ्यासहरू कार्यान्वयन गर्ने।

विस्थापन-संवेदनशील योजनाः राष्ट्रिय र स्थानीय विकास योजनाहरूमा विस्थापन विचारहरूलाई एकीकृत गर्ने।

सामाजिक एकतालाई सुदृढ पार्नेः सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने र समुदायको लचिलोपन निर्माण गर्ने पहलहरूलाई समर्थन गर्ने।

यी अन्तरसम्बन्धित चुनौतीहरूको सामना गर्न जलवायु परिवर्तन, सामाजिक गतिशीलता र वातावरणीय क्षय बीचको जटिल अन्तरसम्बन्धलाई पहिचान गर्ने समग्र र एकीकृत दृष्टिकोण आवश्यक छ।

नेपालमा, मरुभूमिकरण (सुक्खा भूमिमा भूमि क्षय) प्रायः जलवायु परिवर्तनसँग सम्बन्धित छ, जसले लामो समयसम्म खडेरी र अनियमित वर्षा निम्त्याउन सक्छ। यसले मानिसहरूलाई प्रभावित क्षेत्रहरूबाट बसाइँ सर्न बाध्य पार्न सक्छ, जसले गर्दा विस्थापन हुन्छ। यसका साथै, स्रोतसाधनको अभावका कारण जीविकोपार्जनको आवश्यकताले गर्दा दिगो कृषि अभ्यास र अत्यधिक चरनले मरुभूमिकरणलाई अझ बढाउन सक्छ।

यी तीन कारकहरू - विस्थापन, सामाजिक द्वन्द्व र मरुभूमिकरण - एकअर्कासँग जोडिएका छन् र एकअर्कालाई सुदृढ पार्न सक्छन्। विस्थापनले द्वन्द्व निम्त्याउन सक्छ, र द्वन्द्वले, फलस्वरूप, थप विस्थापन निम्त्याउन सक्छ। मरुभूमिकरण विस्थापनको कारण हुन सक्छ, र नयाँ क्षेत्रहरूमा मानिसहरूको बसाइँसराइले मरुभूमिकरणलाई अझ बढाउन सक्छ।

भूमि प्रयोगकर्ताहरूलाई भूमि स्रोतहरूको अत्यधिक दोहन गर्न प्रोत्साहित गर्ने भूमि स्वामित्व अभ्यास र नीतिहरूले मरुभूमिकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छन्। जब किसान र पशुपालकहरूले उनीहरूले प्रयोग गर्ने भूमिमाथि नियन्त्रण वा दीर्घकालीन सुरक्षा गुमाउँछन्, वातावरणीय रूपमा दिगो अभ्यासहरू कायम राख्न प्रोत्साहनहरू गायब हुन्छन्। पानीको अभाव, भूजलको कमी, माटोको क्षरण र लवणीकरण जस्ता समस्याहरूलाई गहिरो नीति र संस्थागत असफलताको परिणामको रूपमा पहिचान गरिएको छ। स्वामित्वको सुरक्षाको अर्थ निजी सम्पत्ति अधिकार हो भन्ने होइन; धेरै लामो समयदेखि दिगो सामूहिक र समुदाय-आधारित व्यवस्थापन अभ्यासहरूले धेरै प्रभावकारी रूपमा सञ्चालन गरेका छन्। सफल सामुदायिक प्रणालीहरूको, सबै सरोकारवालाहरूलाई स्रोतहरूको बाँडफाँडमा बढी पारदर्शिता र निष्पक्षता आवश्यक छ। सुख्खा भूमिमा निजी भूमि स्वामित्व प्रणालीले गोठालाहरूलाई पानी र चरन व्यवस्था जस्ता विभिन्न पारिस्थितिक प्रणाली सेवाहरूमा पहुँच छ भनी सुनिश्चित गर्न कम सफल भएका छन्।

# बिपी समावेशी लोकतन्त्रका प्रणेता



धर्मेन्द्र झा

नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइराला कांग्रेसका मात्र नभएर समग्र लोकतान्त्रिक आन्दोलनका शिखर पुरुष हुनुहुन्थ्यो, यो भन्न कन्जुस्याइँ गरिरहनु जरुरी छैन । उहाँ यथास्थितिवादी राजनीतिका एक यथास्थितिवादी नेता हुनु हुन्थेन, बरु विचार र दर्शनका आधारमा विद्यमान राजनीतिलाई गति दिनसक्ने र समयानुकूल मोड्न सक्ने तथा तार्किक निष्कर्षमा पुऱ्याउन सक्ने क्षमतायुक्त राजनेता हुनुहुन्थ्यो ।

राजनीतिमा विकसित प्रत्येक परिस्थितिलाई प्रजातन्त्र अनुकूल बनाउन सक्ने अद्‌भूत क्षमता र व्यवहार कुशलता भएका अन्तरराष्ट्रियस्तरको राजनेताका रूपमा उहाँ सुपरिचित हुनुभयो । नेपालको राजनीतिमा बिपी कोइराला एउटा व्यक्तिमात्र नभएर युगद्रष्टा पनि हुनुहुन्थ्यो भनेर भनियो भने अतिशयोक्ति हुने छैन । जति बेला नेपालको समाज विकसित भइसकेको थिएन उहाँले उतिबेलै मुलुकको समृद्धिको सपना देखिसक्नुभएको थियो । सपना देख्ने मात्र होइन, त्यसलाई कार्यान्वयन गर्ने परिकल्पनासहितको योजनाको खाका पनि बनाइसक्नुभएको थियो । नेपालका सन्दर्भमा झण्डै १८ महिने उहाँको प्रधानमन्त्रित्वकाल प्रजातन्त्रका लागि स्वर्णकाल मानिन्छ । यो अवधि देशको आधुनिकीकरण अनि विकासको दिशामा एउटा प्रस्थानविन्दु मात्रै थिएन, बरु त्यो प्रस्ट दृष्टिकोण र दूरदृष्टिपूर्ण राजनीतिको एउटा सुरूआत पनि थियोभन्दा अस्वभाविक हुँदैन । उहाँको नेतृत्वमा समाजवादको मौलिकीकरण अनि सिद्धान्तको राजनीतिको गर्भरचना हुन सकेको थियो र देशको एउटा भविष्यरेखा कोरिएको थियो । आज नेपाली राजनीतिमा त्यो नै बिपी चिनाउने एउटा विम्ब बनेको छ । यतिमात्र होइन, आज नेपालको विकासको खाकाको बिपीकै चिन्तनमा आधारित छभन्दा असङ्गत ठहर्दैन ।

आर्थिक रूपान्तरण गरी जनताको जीवनस्तर माथि नउठाएसम्म लोकतन्त्र फलदायी हुन सक्दैन र लोकतन्त्रको अभावमा देशको विकासले कोल्टो फेर्न असम्भव हुने दर्शनका आधारमा उहाँले उद्योग, कलकारखाना स्थापनामा जोड दिनुभएको थियो । उहाँले जनता केन्द्रित राजनीतिका आधारमा नेपाली समाज र भूगोललाई जोड्ने कालजयी प्रयास गर्नुभएको थियो । उहाँले राजनीतिलाई नयाँ अर्थ प्रदान गर्ने सन्दर्भमा बहिष्करणमा परेका जात, समुदाय र भूगोललाई राज्यको मूलधारमा प्रवाहीकरण गर्ने अवधारणा कार्यान्वयनको प्रयास थाल्नुभएको थियो । आज समावेशीका नाममा राजनीति गर्नेहरूले बुझ्नु जरुरी छ, बिपीले उतिबेलै समावेशी सिद्धान्तको प्रतिपादन मात्र होइन कार्यान्वयन नै गर्नुभएको थियो र राष्ट्र निर्माणको प्रक्रियालाई दिशानिर्देश गर्ने प्रयत्न गर्नुभएको थियो । आज समावेशीकरणको कुरा जति भएको छ, त्यसको आधार बिपीले २०१५ सालमै खडा गरिसक्नुभएको थियो । उहाँको मन्त्रिमण्डल, उहाँले नियुक्ति गरेका व्यक्तिहरूलाई हेर्दा देशको सबै भूगोल, जातजाति, वर्ग समुदायको प्रतिनिधित्व भएको पाइन्छ । यस आधारमा भन्न सकिन्छ कि समावेशीकरणका माध्यमले उहाँले सामाजिक न्यायमा पनि जोड दिनुभएको थियो । उहाँपछिका दिनमा यो अवधारणाको कार्यान्वयनले सार्थक अर्थमा निरन्तरता प्राप्त गर्न सकेन ।

नेपालको राजनीतिक विकासक्रमलाई मिहीन ढङ्गले विश्लेषण गरिएका खण्डमा उहाँको समयमा नेपालको राजनीति एउटा खास भूगोल र क्षेत्रमै सीमित रहेको पाउन सकिन्छ । उहाँले यस अवस्थामा परिवर्तन खोज्नुभयो । समाजको यथार्थलाई राम्ररी बुझ्नुभएका उहाँले बहुलवादमा आधारित समाजवादको नीति तय गर्नुभएको थियो । उहाँले सोहीअनुसारको नीति, योजना र कार्यक्रमहरू ल्याउनुभएबाट यो तथ्यको पुष्टि हुन्छ । यसको एउटा मुख्य उदाहरण भूमि सुधारलाई मान्न सकिन्छ । अहिले देशमा भूमि व्यवस्थासम्बन्धी जे जति काम हुन सकेका छन्, उहाँकै नीतिमा आधारित रहेका छन् ।

बिपी चिन्तनको विश्लेषण्का आधारमा भन्न सकिन्छ, उहाका लागि आधारभूत मानवीय मूल्य भनेको समानतामा आधारित सिद्धान्त थियो । उहाँमा यो अवस्था प्रजातान्त्रिक पद्धति र समाजवादबाट हासिल हुन्छ भन्ने दृढ विश्वास थियो । कुनै दुईमत हुन सक्दैन, बिपीको यही दृढता नै आजको नेपाली राजनीतिको मार्गदर्शनको सिद्धान्त हो । त्यो बेला नेपाली कांग्रेसले अख्तियार गरेका धेरै नीतिहरू कांग्रेसको गर्भसिद्धान्तअर्थात् समाजवादी दर्शनका विम्ब हुन् । त्यसअघि बीरगञ्जमा सम्पन्न नेपाली कांग्रेसको छैटौं महाधिवेशनले प्रजातान्त्रिक समाजवादको सिद्धान्तलाई पार्टीको मूल सिद्धान्तका रूपमा प्राणप्रतिष्ठा गरेको थियो । यही महाधिवेशनमा बिपीले प्रस्तुत गरेको समाजवादी समाज निर्माणका लागि राष्ट्रिय योजना समिति निर्माण गर्नेलगायत विभिन्न १८ वटा प्रस्ताव पारित गरेको थियो । उहाँले त्यतिबेला समाजवादी व्यवस्था प्रजातन्त्रात्मक साधन र उपायबाट प्राप्त गर्न सङ्कल्प गरेका छौं भन्नुभएको थियो । आज पनि यसैको जगमा नेपाली कांग्रेस बाँचिरहेको छ ।

ाजनीतिक दृष्टिकोण र बदलिँदो विश्व राजनीतिका कारण राष्ट्र निर्माणका लागि राष्ट्रिय एकताको आवश्यकता जहिले पनि पर्दछ । लोकतन्त्रलाई सञ्चालन गराउने केही आवश्यकीय संरचनाहरूको कल्पना उहाँले पहिले नै गर्नुभएको थियो । जस्तै, प्रेस स्वतन्त्र नभएसम्म लोकतन्त्र बलियो हुन सक्दैन भन्ने उहाँको प्रष्ट बुझाइ थियो । प्रजातन्त्रको स्थापना र संरक्षणमा आजीवन सङ्घर्ष गरेका बिपी कोइरालाले प्रजातन्त्र र आर्थिक उन्नतिका लागि समाजवादका नाममा अघि सारेका दृष्टिकोण अहिले पनि उत्तिकै सान्दर्भिक छ । उहाँको विश्वास थियो, यस्तो सामूहिक अभियानले नेपाली जनताको भावनात्मक एकताको संस्थागत आधार तयार पार्छ ।

बिपीको राजनीतिक दूरदर्शिता उहाँको मेलमिलापको नीतिबाट छर्लङ्ग हुन्छ । उहाँ ३० डिसेम्बर १९७६ अर्थात् २०३३ पुस १६ का दिन भारत निर्वासनबाट स्वदेश फर्किनुभएको थियो । निर्वासनको यो आठ वर्ष बिपीका लागि अत्यन्त कष्टपूर्ण, कठिन र सङ्घर्षयुक्त रहेका थिए । निर्वासनबाट स्वदेश फर्कनु स्वयं बिपीका लागि, नेपाली कांग्रेसका लागि र समग्रमा नेपालका लागि निकै महत्वपूर्ण राजनीतिक खुड्किलो रहेको त्यसबेला स्वीकार गरिएको थियो । यो नीति अहिले पनि सान्दर्भिक र सामयिक छ । निकै जोखिम मोलेर नेपाल फर्कने सन्दर्भ बिपीको निकै ठूलो साहसिक निर्णय थियो, । तत्कालीन राजनीतिक अवस्थाको विश्लेषण गर्ने हो भने यो जोखिमको अनुमान सहजै गर्न सकिन्छ । मृत्युदण्डसमेत हुनसक्ने प्रकृतिका आठवटा मुद्दा खेपिरहेका बिपीका लागि स्वदेश आगमनको निर्णय कम जोखिमपूर्ण थिएन । तर बिपी देश, प्रजातन्त्र र राष्ट्रियताको सम्वर्द्धनको उद्देश्य राखी स्वदेश फर्किनुभयो । यो उहाँको राजनीतिक दूरदर्शिता थियो । राष्ट्रियता, प्रजातन्त्र र आर्थिक समृद्धि 'राष्ट्रिय एकता तथा मेलमिलाप'बाट मात्रै सुनिश्चित हुनसक्छ भन्ने उहाँको सोचलाई सबैले आत्मसात् गर्नु आवश्यक छ । राष्ट्रिय एकता सम्पूर्ण नेपाली जनताको सामूहिक प्रयासबाट हुने अभियान र कार्यले मात्र स्थापित हुन्छ ।

आज नेपालमा राजतन्त्र छैन । कम्युनिष्ट आन्दोलन पनि हिजोको अवस्थामा छैन । विश्वमा असंलग्न आन्दोलन कमजोर भएको छ र प्रत्यक्षतः शीतयुद्धको अवस्था छैन । यस्तोमा प्रश्न उठ्छ, के बिपीको राष्ट्रिय मेलमिलापको नीति आजको अवस्थामा पनि सान्दर्भिक छ ? नेपालमा उदारवादी राजनीतिको प्रणेता मानिने बिपी र नेपाली कांग्रेसको यो नीति आज नेपाललगायत विश्वमा कट्टरपन्थले स्थान ओगटिरहेको अवस्थामा औचित्य छ ? यसको एउटै जवाफ हो, छ । देश आज सङ्घीयतामा गएको छ । नयाँ संविधान कार्यान्वयनको अवस्थामा छ । हिजोका भन्दा फरक राजनीतिक अवस्था छ । राजनीतिमा नयाँ पात्र र विचारको उदय भएको छ ।

# फाइभ-जी नेटवर्क जतिसक्दो छिटो सञ्चालन गर्न मन्त्री गुरुङको निर्देशन



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जति सक्दो छिटो फाइभ-जी नेटवर्क सञ्चालन गर्न नेपाल टेलिकम र नेपाल दूरसञ्चार प्रधिकरणलाई निर्देशन दिनुभएको छ।

मन्त्रालयमा मंगलबार आयोजित एनटिसी र एनटीएको २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रमबारे राखिएको छलफलमा मन्त्री गुरुङले फोर-जी विस्तार व्यापाक बनाउँदै फाइभ-जी नेटर्वकको थालनी तत्कालै गर्न निर्देशन दिनुभएको हो ।

आफू मन्त्री भएलगत्तै पटक-पटक फाइभ-जी नेटर्वक सुरू गर्न भन्दै आएको स्मरण गराउँदै सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले आफूले निर्देशन दिएको एक वर्ष पुगिसक्दा पनि कार्यसम्पादन नहुनु दुःखद् विषय भएको बताउनुभयो । उहाँले अब भने चाँडोभन्दा चाँडो नेटर्वक विस्तारमा गर्नुपर्ने बताउनुभयो ।

छलफलका क्रममा मन्त्री गुरुङले नेपाल टेलिकम सैद्धान्तिक रूपले मात्रै जिल्लाभर पुग्नु प्रयाप्त नरहेको स्पष्ट पार्नुभयो । उहाँले फोर-जी नेटर्वक हरेक जनताका घरघरमापुऱ्याउनेकामप्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । साथै, इन्टरनेट र टेलिफोनमा समस्या आउँदा सरकारको डिजिटल फ्रेमवर्क उद्देश्य सार्थक हुन कठिन हुने, जनताले सेवाको भाव महसुस गर्नबाट वञ्चित रहने र डिजिटल सुशासन कायम गर्न चुनौती देखापर्ने हुँदा दूरसञ्चार विस्तारमा ढिलासुस्ती नगर्न मन्त्री गुरुङले आग्रह गर्नुभयो ।

त्यसैगरी उहाँले राजमार्गमा देखापर्ने नेटवर्क असुविधा कम गर्न पनि एनटिए र एनटिसीलाई ध्यानाकर्षण गराउनुभयो । जहाँ जनतालाई अत्यन्त नेटर्वकको जरुरी हुन्छ, त्यहाँ सेवा विस्तारमा चनाखो हुन पनि मन्त्री गुरुङले जोड दिनुभयो ।

पर्यटन प्रवर्द्धन गर्न इन्टरनेट र टेलिफोन सुविधाको अत्यन्त जरुरी हुने उल्लेख गर्दै मन्त्री गुरुङले पर्यटकीय गन्तव्यमा नेटवर्क विस्तार प्रभावकारी बनाउन आग्रह गर्नुभयो । "जहाँ जनतालाई अति आवश्यकपर्छ, त्यहाँ एनटिसी पुग्नुपर्छ", उहाँले भन्नुभयो, "यो वर्ष फाइभ-जी लन्च छिट्टै गर्नुपर्छ ।" उहाँले नेपाल टेलिकमको प्रचारप्रसार गतिविधि निकै कम भएको औंल्याउँदै शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा प्रचार गरेर एनटिसीबारे जनतालाई सूसुचित गराउन अनुरोध गर्नुभयो ।

छलफलमा सञ्चार सचिव राधिका अर्यालले एनटिएले अनुगमनको पाटोलाई प्रभावकारी बनाउनुपर्ने अनुरोध गर्नुभयो । उहाँले सूचनाप्रविधिको क्षेत्रमा नवीन कार्य गर्दै आएका युवा पुस्तालाई हौसला प्रदान गर्ने खालका कार्य योजनासमेत बनाउन निर्देशन दिनुभयो । "सूचना प्रविधिको क्षेत्रमा नविन कार्य गर्ने युवालाई हौसला दिने खालका गतिविधिसमेत समेट्नुपर्छ", सचिव अर्यालले भन्नुभयो, "यस्ता कार्यक्रम राख्नु समयको मागसँगै राज्यको दायित्व पनि हो ।"

एनटिएका अध्यक्ष भूपेन्द्र भण्डारीले फाइभ-जी नेटवर्क सञ्चालन गर्नेकार्य लगभग अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । अब केही समयमै बोलपत्र प्रक्रिया थालनी गरेर नेटर्वक विस्तार गर्ने उहाँले बताउनुभयो । एनटिसीका निमित्त प्रबन्ध निर्देशक सविना मास्के( प्रधान)ले पनि फोर-जी विस्तार निरन्तर कार्य भइरहेको र फाइभ-जी लन्च गर्ने तयारीमा जुटेको बताउनुभयो ।रासस

> "आफू मन्त्री भएलगत्तै पटक-पटक फाइभ-जी नेटर्वक सुरु गर्न भन्दै आएको स्मरण गराउँदै सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले आफूले निर्देशन दिएको एक वर्ष पुगिसक्दा पनि कार्यसम्पादन नहुनु दुःखद् विषय भएको बताउनुभयो ।

# विपद् प्रतिकार्यका लागि अत्याधुनिक प्रविधि प्रयोग गर्ने अवस्थामा पुगेका छौँ: गृहमन्त्री लेखक



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले सरकार विपद् प्रतिकार्य, खोज, उद्धार र राहतलगायत काममा अत्याधुनिक प्रविधि प्रयोग गर्ने अवस्थामा पुगेको बताउनुभएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र नेपाल मानवरहित विमान (ड्रोन) सङ्घ/नेपाल ड्रोन सङ्घबीच मंगलबार मन्त्रालयमा भएको समझदारी पत्रमा हस्ताक्षर कार्यक्रममा उहाँले प्रयोगले विपद् प्रतिकार्यका क्रममा खोज, उद्धार र राहत (औषधि र पानीलगायत) ड्रोनमार्फत पुऱ्याउन सकिने अवस्था बनेको बताउनुभयो ।

गृहमन्त्री लेखकले विपद् पूर्वसूचना र प्रतिकार्यका लागि तयारी अवस्थामा बस्न जरूरी रहेको बताउँदै पूर्वसूचना प्रणालीलाई चुस्तदुरुस्त बनाउने गरी काम भएको जानकारी दिनुभयो । "हामी विपद्को उच्च जोखिम भएको भूगोलमा छौं । बाढीपहिरो, भूकम्प, चट्याङ र लूदेखि हिउँलाग्नेसम्मको जोखिममा छौं", मन्त्री लेखकले भन्नुभयो,"अब निजी क्षेत्रमा काम गरिरहेका संस्था, व्यक्ति पनि विपद् प्रतिकार्यमा जोडिनुपर्छ भनेर समझदारी गरेका छौं । यसले सकारात्मक परिणाम दिनेछ ।"

मन्त्री लेखकले विपद् प्रतिकार्य र व्यवस्थापनका लागि सरकार र निजी क्षेत्र हातेमालो गरेर अगाडि बढ्ने काम भइरहेको बताउनुभयो । नागरिकको जिउधनको रक्षा गर्ने विषयसित जोडिएर राष्ट्रको महत्त्वपूर्ण दायित्व पालना गर्न अघि बढेकामा ड्रोन सङ्घलाई उहाँले धन्यवाद दिनुभयो ।

समझदारी पत्रमा प्राधिकरण र नेपाल मानवरहित विमान (ड्रोन) सङ्घबीच सहकार्य गरी खोज तथा उद्धार, राहत वितरण तथा अन्य सामग्री ढुवानी, विपद् प्रभावित क्षेत्रको निरीक्षण, भौगोलिक नक्शाङ्कन, क्षति मूल्याङ्कन र सूचना सङ्कलन तथा विश्लेषण कार्य गरिने उल्लेख छ।

यस्तै, विपद्को समयमा ड्रोनको प्रयोग गर्न प्राधिकरणले आवश्यकताअनुसार माग गरेमा ड्रोन सङ्घले निःशुल्क रूपमा उपकरण (पाइलटसहित) उपलब्ध गराउने समझदारी पत्रमा उल्लेख छ।

यस कार्यमा खटिने सदस्यहरूको यात्रा र बसोबासको व्यवस्था प्राधिकरणले गर्नेछ।

प्रचलित कानुन र ड्रोन उडानसम्बन्धी अनुमति लिएका ड्रोन र पाइलट विपद्को समयमा परिचालन गर्न आवश्यक समन्वय र सहजीकरण प्राधिकरणले गर्ने भनिएको छ । ड्रोन सञ्चालनका सन्दर्भमा आवश्यक मार्गनिर्देशन, समन्वय र सहजीकरणका लागि समन्वय समितिसमेत गठन गरिएको छ।

जसमा प्राधिकरण, प्रतिकार्य शाखा प्रमुख संयोजक रहनेछन् । प्राधिकरणको समन्वयमा गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाले तत्काल ड्रोन उडान गर्ने/गराउने गरी परिचालन गर्नेछ । उक्त समझदारी एक वर्षसम्म कायम रहने र आपसी समझदारीमा पुनः नवीकरण गर्न सकिने सर्त राखिएको छ।

कार्यक्रममा निमित्त गृहसचिव जयनारायण आचार्य, प्राधिकरणका कार्यकारी प्रमुख इञ्जिनीयर दिनेश भट्ट, नेपाल ड्रोन सङ्घका अध्यक्ष राजबाबु महर्जनलगायत उपस्थित हुनुहुन्थ्यो । यसअघि मन्त्रालयले हेलिकप्टर एसोसियसनसँग पनि विपद् प्रतिकार्यका लागि निःशुल्क हवाई उद्धारलगायत विषय समेटेर समझदारी गरिसकेको छ।

विपद् प्रभावितलाई अस्थायी आवास निर्माण गर्न सरकार लागिपरेको छ

गृहमन्त्री रमेश लेखकले तीव्र रुपमा अस्थायी आवास र निजी आवासको पर्वलीकरण, पुनर्निर्माण तथा पुनःस्थापना गर्न सरकार सशक्त ढङ्गले लागिपरेको बताउनुभएको छ।

सङ्घीय संसद् राष्ट्रियसभाको मंगलबारको बैठकमा गृह मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरुको उत्तर दिँदै गृहमन्त्री लेखकले २०८० कात्तिक १७ गते जाजरकोट केन्द्रविन्दु बनाएर गएको भूकम्पले ठूलो जनधनको क्षति निम्तिएको भन्दै क्षति पुगेका आवास पुनर्निर्माण गर्न निर्माण प्रक्रिया अघि बढाइरहेको बताउनुभयो ।

प्रश्नकर्ता सांसद मायाप्रसाद शर्माले वर्षायाम र बाढी पहिरोको जोखिम बढेसँगै भूकम्पले जाजरकोटलगायत क्षति पुगेका आसपासका जिल्लामा पुनर्निर्माण र पुनःस्थापनाका लागि सरकारको योजनबारे प्रश्न उठाउनुभएको थियो । गृहमन्त्री लेखकले त्यसको जवाफ दिँदै निजी आवासमा क्षति पुगेका घरपरिवारलाई आवास निर्माणका लागि प्रतिघरपरिवार दुई किस्ता गरी रकम वितरण गरिएको जानकारी गराउनुभयो । आवास निर्माणका लागि प्रति परिवार रु ५० हजारका दरले जाजरकोटमा रु एक अर्ब ९१ करोड ९१ लाख ७५ हजार, रुकुम पश्चिममा रु एक अर्ब ६१ करोड १२ लाख, सल्यानमा रु सात करोड, बाजुरमा रु १० करोड ५० लाख, बझाङमा रु २५ करोड र जुम्लामा रु एक लाख ७५ हजार गरी कुल रु तीन अर्ब ९५ करोड ६५ लाख ५० हजार वितरण गरिएको बताउनुभयो ।

गृहमन्त्री लेखकले 'विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि,२०८१' जारी भई कार्यान्वयनमा रहेको उल्लेख गर्दै भूकम्पबाट प्रभावित कर्णाली र सुदूरपश्चिम प्रदेशमा ७६ हजार ३०८ घरधुरीको 'डिडिए' विस्तृत क्षति आकलन) सम्पन्न भई तथ्याङ्क प्रमाणीकरण भइरहेको बताउनुभयो । तथ्याङ्क प्रमाणीकरणपश्चात् स्थानीय तहबाट लाभग्राही कायम गरी कार्यविधिअनुसार विस्तृत क्षति आकलनमा सूचीकृत भएका लाभग्राहीसँग सम्झौता गरी निजी आवास पर्वलीकरण तथा निर्माण गर्ने प्रक्रियामा छ । कार्यविधिले निजी आवासको हकमा भूकम्पबाट भएको क्षतिका आधारमा हिमाल, पहाड र तराईमा क्रमशः रु पाँच लाख, रु चार लाख र रु तीन लाख अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । साथै प्रबलीकरण गरी बस्न योग्य निजी आवासका लागि रु एक लाखसम्म अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ।

गृहमन्त्री लेखकले बाढीपहिरोको उच्च जोखिममा भएका तथा नेपालको कुनै स्थानमा आवास बनाउने, जग्गा, घडेरी, उपलब्ध नभएका घरपरिवारका लागि बढीमा थप तीन लाख रुपैयाँसम्म अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको बताउनुभयो । "निजी आवास निर्माणको काम द्रुतगतिमा अगाडि बढाउन जाजरकोट, अछाम र बझाङमा अस्थायी पुनर्निर्माण कार्यालय स्थापना भएको छ । यसलाई सरकारले प्राथमिकतामा राखेको छ," उहाँले भन्नुभयो ।

राष्ट्रियसभाको मंगलबारको बैठकबाट दुईवटा प्रस्ताव स्वीकृत भएका छन् । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'सङ्घीय निजामती सेवा विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भनी प्रस्ताव पेस गर्नुभएको थियो ।

त्यस्तै, गृहमन्त्री रमेश लेखकले प्रतिनिधिसभाबाट प्राप्त सन्देशसहित प्राप्त 'नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भनी प्रस्ताव पेस गर्नुभएको थियो ।

यी दुवै प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएका छन् ।त्यस्तै, राष्ट्रियसभा नियमावली, २०७५ को नियम १३ बमोजिम कार्यव्यवस्था परामर्श समितिमा गोपाल भट्टराई रहनेगरी मनोनयन गरिएकामा राष्ट्रियसभाले सहमति जनाएको छ । राष्ट्रियसभाको अर्को बैठक यही साउन ११ गते आइतबार अपराह्न १:१५ बजे बस्नेछ । रासस

# 'मानवअधिकार प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध'

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले मानवअधिकारको प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। प्रतिनिधिसभा, कानुन न्याय तथा मानवअधिकार समितिको मंगलबारको बैठकमा उहाँले राष्ट्रिय मानवअधिकार आयोगले दिएको सिफारिसलाई सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्ने बताउनुभयो ।

"उपलब्ध स्रोत साधनको न्यायोचित प्रयोग गरी मानवअधिकारको कार्यान्वयन गर्दै जानुपर्छ", मन्त्री चौरसियाले भन्नुभयो, "मानव अधिकारसँग सम्बन्धित ऐन कानुनलाई समयानुकूल बनाउने प्रक्रिया अघि बढिरहेको छ। त्यसको कार्यान्वयन पक्षमा सरकारले ध्यान दिएको छ।"

बैठकमा आयोगका अध्यक्ष तपबहादुर मगरले मानवअधिकार कार्यान्वयनको क्षमता अभिवृद्धि गर्दै लैजानुपर्नेमा जोड दिँदै यसमा सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताउनुभयो । सांसद सन्तोष परियारले मानवअधिकारको व्यवहारिक कार्यान्वयन पक्ष निकै कमजोर रहेको अवस्थामा नीति निर्माणमा तहमा रहेका गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो । "मानव अधिकारको हनन् भएमा नागरिक पुग्ने आयोगमा नै हो, नागरिकको विश्वास जित्ने गरी काम गर्नुपर्छ", उहाँले भन्नुभयो ।

सांसद शेरबहादुर कुँवरले आयोगको सिफारिस कार्यान्वयन गर्न सरकार प्रतिबद्ध हुनुपर्नेमा जोड दिँदै सिफारिस कार्यान्वयनमा राज्यलाई दबाब दिनुपर्ने बताउनुभयो । सांसद रञ्जुकुमारी झाले मानवअधिकारको विश्वव्यापी अवस्थाका बारेमा नेपालले पनि धारणा सार्वजनिक गर्नुपर्ने बताउनुभयो ।

सांसद सुहाङ नेम्वाङले मध्यवधि समीक्षा प्रतिवेदन कार्यान्वयन गरेर देश र जनताप्रतिको प्रतिबद्धता पूरा गर्नुपर्ने बताउनुभयो ।

सांसदहरू प्रतीक्षा तिवारी, नागिना यादव, रामकुमार राईलगायतले मानवअधिकार प्रवर्द्धनमा सरकार र आयोग प्रतिबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।रासस

# एमाले केन्द्रीय कमिटी बैठकमा सङ्गठनात्मक व्यवस्थालगायत विषयमा छलफल जारी



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को नवौं केन्द्रीय कमिटीको मंगलबारको बैठकमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, सङ्गठनातत्मक व्यवस्थालगायत विषयमा छलफल जारी छ।

ललितपुर, च्यासलस्थित एमाले मुख्यालयमा मंगलबार दोस्रो दिनको बैठकमा उपाध्यक्ष विष्णुप्रसाद पौडेलको विधान संशोधन प्रतिवेदन र महासचिव शङ्कर पोखरेलको सङ्गठनात्मक प्रस्ताव प्रतिवेदनमाथि ५८ जनाले आफ्नो धारणा राखेको पत्रकार सम्मेलनमा प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो । हिजो पहिलो दिन ४९ जनाले आफ्नो धारणा राख्नुभएको थियो।

प्रतिवेदनमा अझै ७७ जनाले आफ्नो धारणा राख्न बाँकी छ। प्रचार विभाग प्रमुख गौतमले आजको बैठकमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी एमालेको सक्रिय राजनीतिमा फर्किने विषय, पार्टी सदस्यता र सङ्गठित सदस्यताको व्यवस्था गर्नेलगायत विषयमा धारणा राखेको गौतमले जानकारी दिनुभयो ।

"मातहतका कमिटी मुख्य गरेर निर्वाचन क्षेत्रीय समन्वय कमिटी र प्रदेश निर्वाचन क्षेत्रीय समन्वय कमिटीलाई संविधान अनुकूल कार्यकारी कमिटी बनाउनुपर्छ भन्ने कुरालाई जोड दिएर उठाइएको छ", उहाँले भन्नुभयो, "सबैतिरको रिपोर्टिङअनुसार पार्टीको एक लाख ३९ हजार सदस्यता वृद्धि भएको छ। यो प्रतिशतका हिसाबले करीब २८ प्रतिशत हो ।"

प्रचार विभाग प्रमुख गौतमले बैठकमा सरकारको प्रभावकारिता, मूल्यवृद्धिलगायत विषयमा पनि केन्द्रीय सदस्यहरूले कुरा उठाएको जानकारी दिनुभयो। पूर्वराष्ट्रपतिको पार्टी सदस्यता नवीकरण र पार्टीमा प्रवेश गर्ने कुरालाई अधिकांश केन्द्रीय सदस्यले उठाएको पनि उहाँले जानकारी दिनुभयो।

केन्द्रीय कमिटीमा प्रस्तुत गरिएको उपाध्यक्षको विधान संशोधन प्रस्ताव प्रतिवेदन र महासचिव पोखरेलको साङ्गठनिक प्रतिवेदन यसअघि सचिवालय र पोलिटब्यूरो बैठकले पारित गरेका थिए । प्रचार विभाग प्रमुख गौतमले पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओलीले महत्त्वपूर्ण सम्बोधन गर्दै मंगलबारै बैठक समापन गर्नु हुनेछ । बैठक सोमबारदेखि सुरु भएको हो ।रासस

# सहरी विकास मन्त्रालयको वित्तीय प्रगति ५८.६ प्रतिशत




काठमाण्डु । सहरी विकास मन्त्रालयले गत आर्थिक वर्ष २०८१/८२ मा बजेटमा उल्लेखित कार्यक्रम कार्यान्वयनमा वित्तीयतर्फ ५८ दशमलव छ प्रतिशत प्रगति हासिल गरेको छ।

मन्त्रालयद्वारा मंगलबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता नारायणप्रसाद मैनालीले मन्त्रालयले एक वर्षको अवधिमा सहरी विकास मन्त्रालयबाट नीतिगत, कानुनी, संस्थागत सुधार तथा पूर्वाधार क्षेत्रमा भएका प्रमुख कार्यहरूबारे जानकारी गराउनुभयो ।

प्रवक्ता मैनालीका अनुसार सो आवमा मन्त्रालयलाई रु ६८ अर्ब १४ करोड ३६लाख ६८ हजार १२३ बजेट विनियोजित भएकोमा वित्तीय प्रगति रु ३९ अर्ब ५६ करोड, ५२ लाख ७० हजार खर्च भएको छ ।सो अवधिमा ९७, स्वास्थ्य भवन, पाँच सभाहल, २१ सरकारी कार्यालय, ५५ स्थानीय तहको प्रशासकीय भवन, ९७ विद्यालय भवन, ३२ पार्क, १३ बसपार्क, ५७ सार्वजनिक भवन, दुई दशमलव नौ किमी तटबन्ध, २२ वटा स्थानीय सडक पुल, २९६ किमी नाला, २७८ वटा झोलुङ्गे पुलको निर्माण सम्पन्न भएका छन् ।

प्रवक्ता मैनालीका अनुसार पहुँच सुधारका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण रहेको नेपालको सबैभन्दा लामो त्रिवेणी सुस्ता बहुत्तरी झोलुङ्गे पुल सञ्चालनमा आएको छ । त्यसैगरी २७८ किमि ग्रामीण सडक कालोपत्रे सडक ढलान र ६१८ किमि सहरी सडक कालोपत्रे तथा थप नौ वटा गापा/नपा केन्द्रमा सडक पुऱ्याइएको छ।

एक वर्षमा अन्तरराष्ट्रियस्तरको त्रिवि क्रिकेट स्टेडियमअन्तर्गत प्यारापिट र फ्लडलाइट निर्माण कार्य अन्तिम चरणमा पुगेको तथा चार हजार ७४७ हेक्टरमा सिँचाइ सुविधा विस्तार भएको जानकारी दिइएको छ। हालसम्म ११ हजार वटा सुरक्षित नागरिक आवास निर्माण भइसकेको पनि बताइएको छ। शवदाह निर्माणअन्तर्गत यस आवमा एक वटा शवदाहको निर्माण कार्य सम्पन्न भएको छ भने थप तीन वटाको निर्माण भइरहेको तथा धरहरा परिसरमा निर्मित धरहरा, बेसमेन्ट पार्किङ, बगैंचा सर्वसाधारणको लागि खुला गरिएको मन्त्रालयले जनाएको छ।

जाजरकोट र रूकुम पूर्वको भुकम्पबाट क्षतिग्रस्त सरकारी भवन तथा स्वास्थ्य संस्थाका भवन पुनर्निर्माण कार्यअन्तर्गत २३ वटा भवनको ठेक्का प्रक्रिया प्रारम्भ भएकोमा १७ वटा भवनको ठेक्का सम्झौता समेत सम्पन्न भई निर्माण कार्य भइरहेको पनि मन्त्रालयले जनाएको छ।

त्यसैगरी चितवन सौराहा सभाहल सञ्चालन भएको तथा दमक व्यापारिक कम्प्लेक्स सर्वसाधारणका लागि खुला गरिएको छ ।रासस

# विचारका पछि नभई गुटका पछि लाग्दा पार्टी कमजोरः नेता आचार्य

गण्डकी । नेपाली कांग्रेसका नेता महेश आचार्यले विचारका पछि नभई गुटका पछि दगुर्ने क्रमले पार्टी सङ्गठन कमजोर बन्ने गरेको बताउनुभएको छ।

बिपी कोइलालाको ४३औं स्मृति दिवसका अवसरमा नेपाली कांग्रेस गण्डकी प्रदेश समितिद्वारा मंगलबार पोखरामा आयोजित कार्यक्रममा नेता आचार्यले पछिल्लो समयमा विचारका पछि नभई गुटका पछि दगुर्ने प्रवृत्ति बढिरहेको बताउनुभयो । गुटप्रतिको दासत्वले कांग्रेस गाँजिएको बताउँदै उहाँले त्यसबाट माथि उठ्नु जरुरी रहेको धारणा राख्नुभयो ।

बिपीका निष्ठा, समर्पणबाट वर्तमानमा धेरै सिक्न सकिने बताउँदै नेता आचार्यले सत्ताको मात्रै खेल हुँदा त्यसले देशमा दुर्गीति निम्त्याउने जिकिर गर्नुभयो । प्रजातन्त्र नभई राष्ट्रियता बलियो नहुने उल्लेख गर्दै उहाँले बिपीले देश र जनताका लागि ठूलो बलिदानी गर्नुभएको बताउनुभयो । पछिल्लो समयमा आर्थिक क्षेत्रमा देखिएको गतिहीनताले निराशा छाएको र सुशासनसँगै देशभित्र रोजगारीको सिर्जनालगायतका कुरामा ध्यान दिनु जरुरी भएको बताउनुभयो ।रासस

# भारतको उपराष्ट्रपति पदबाट जगदीप धनखरको राजीनामा

एएनआई

नयाँ दिल्ली । भारतका उपराष्ट्रपति जगदीप धनखरले आफ्नो स्वास्थ्यलाई प्राथमिकता दिने र चिकित्सकको सल्लाहअनुसार आफ्नो पदबाट राजीनामा दिने निर्णय गर्नुभएको छ। उहाँले यस निर्णयमार्फत व्यक्तिगत स्वास्थ्य र भलाइमा ध्यान केन्द्रित गर्ने उद्देश्य राख्नुभएको छ।धनखरले आफ्नो राजीनामा पत्र राष्ट्रपति द्रौपदी मुर्मूलाई सम्बोधन पनि उहाँको कार्यकालमा दिएको अमूल्य समर्थनका लागि धन्यवाद दिनुभएको छाउपराष्ट्रपतिको रूपमा धनखरले सन् २०२२ मा पदभार सम्हाल्नुभएको थियो र उहाँको कार्यकाल सन् २०२५ सम्मको थियो, तर स्वास्थ्य कारणले उहाँले यो महत्वपूर्ण निर्णय लिनु परेको हो।

धनखरको राजीनामा पछि उपराष्ट्रपतिको पदको रिक्तता भर्ने उद्देश्यले नयाँ



गर्दै पठाउनुभएको हो, जसमा उहाँले स्वास्थ्यको हेरचाह र चिकित्सकीय सल्लाहको पालना गर्दै तत्काल प्रभावबाट उपराष्ट्रपतिको पदबाट राजीनामा दिने निर्णय गरेको कुरा उल्लेख गर्नुभएको छ।

उहाँले आफ्नो पत्रमा राष्ट्रपति र प्रधानमन्त्रीको साथसाथै मन्त्री परिषद्लाई चुनाव गरिनेछ। यस सम्बन्धी उपराष्ट्रपतिको सचिवालयले पनि जानकारी दिएको छाउपराष्ट्रपतिको कार्यकालमा धनखरको योगदान अत्यन्त प्रेरणादायक र महत्त्वपूर्ण रह्यो। उहाँको कार्यकालको अवधिमा उहाँले देशको संविधान र संसदीय प्रक्रियामा राम्रो ज्ञान र नेतृत्व देखाउनुभएको थियो।

# जापानमा मागा–शैलीको ‘विश्वव्यापी–विरोधी’ राजनीतिको आगमन

एएफपी

टोकियो । दक्षिणपन्थी राजनीतिज्ञहरूले अन्यत्र ‘अभिजात वर्ग’, ‘विश्वव्यापीकरण’ र आप्रवासनको विरुद्धमा व्यापक रूपमा विरोध गर्दै गर्दा जापानमा लोकप्रियतावादी आदर्शहरूले गति लिइरहेको छ।

प्रधानमन्त्री शिगेरु इशिबाको गठबन्धनले आइतबारको चुनावमा माथिल्लो सदनको बहुमत गुमाएको भए पनि पाँच वर्षअघि मात्र बनेको ‘जापानिज फर्स्ट’ सान्सितो पार्टीले आफ्नो सिट दुईबाट बढाएर १५ बनाएको छ ।सान्सितोको एजेन्डा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको ‘मेक अमेरिका ग्रेट अगेन (मागा)’, अल्टरनेटिभ फर जर्मनी (एएफडी) र बेलायतमा नाइजेल फराजको रिफर्म पार्टी जस्ता दक्षिणपन्थी आन्दोलनहरूको प्रतिलिपिबाटै आएको छ।

यसमा आप्रवासन र विदेशी पूँजीमा ‘कडा नियम र सीमाहरू’, ‘विश्वव्यापीकरण’ र ‘कट्टरपन्थी’ लैङ्गिक नीतिहरूको विरोध र कार्बन मुक्तिकरण र खोपहरू तथा कीटनाशक मुक्त कृषिमा पुनर्विचार समावेश छ ।युट्युबमा स्थापित सान्सितोले ‘जनतामा शक्ति फिर्ता ल्याउनेछ’ भनेर पार्टीका ४७ वर्षीय नेता, पूर्व शिक्षक तथा सुपरमार्केट प्रबन्धक सोही कामियाले जापान टाइम्समा लेख्नुभएको छ।



**सस्तो श्रम**

सर्वेक्षणहरूले आप्रवासनलाई मुद्रास्फीति र अर्थतन्त्रका बारेमा धेरै चिन्तित मतदाताहरूको सूचीमा धेरै तल राखेका छन्। तर सान्सितोका लागि आफ्नो अर्थतन्त्रलाई अत्यावश्यक पर्ने आप्रवासन अन्य विकसित देशहरूको तुलनामा धेरै कम रहेको जापानमा नयाँ आगन्तुकहरूको आगमन अपराधदेखि बढ्दो सम्पत्तिको मूल्यदेखि खतरनाक ड्राइभिङसम्मका धेरै समस्याका लागि जिम्मेवार छ।

“यदि तिनीहरू पर्यटकका रूपमा आउँछन् भने यो ठिक छ, तर यदि तपाईंले सस्तो श्रम भएको भन्दै धेरैभन्दा धेरै विदेशीलाई लिनुभयो भने जापानी जनताको तलब बढ्ने छैन”, कामियाले एक अभियानमा भन्नुभयो, “तर हामी बहिष्करणवादी छैनौँ। हामीले विदेशीहरूलाई बाहिर निकाल्न कहिल्यै आह्वान गरेका छैनौँ।”

यसैबीच अनलाइन प्लेटफर्महरू गलत सूचनाले भरिएका छन्। तीमध्ये केही जापानी तथ्य-जाँच समूह र सरकारले अस्वीकार गरेका छन् ।केही पोस्टहरूले विदेशीहरूले एक वर्षमा करिब तीन अर्ब डलर मेडिकल बिलहरू भुक्तान नगरी छोड्छन् वा कल्याणमा रहेका चिनियाँ बासिन्दाहरू पाँच वर्षमा दोब्बर भएका छन् भनी गलत दाबी गरेका छन्।

टोकियोको सिनागावा स्टेसनको अगाडि सान्सितोको चुनावी र्‍यालीमा सुन्तला टी-शर्ट लगाएका पार्टीका कार्यकर्ताहरूले ‘जापानलाई विनाश गर्न बन्द गर !’ पर्चाहरू बाँडिरहेका थिए। एक मतदाताले उहाँको आवाज अन्ततः सुनिएको बताउनुभयो।

“उनीहरूले मैले वर्षौंसम्म सोचेका तर शब्दहरूमा राख्न नसकेका कुराहरूलाई शब्दबद्ध गरे”, अस्थायी अल्पकालीन करारमा रहेकी ४४ वर्षीया ती आइटी कामदारले भन्नुभयो, “विदेशीहरू विश्वविद्यालय जाँदा जापानी सरकारले तिनीहरूलाई अनुदान प्रदान गर्छ, तर हामी विश्वविद्यालय जाँदा सबैको ठूलो ऋण थियो।”

**मस्कोको हस्तक्षेप**

जापान इन्स्टिच्युट अफ ल एन्ड इन्फर्मेसन सिस्टम थिङ्क-ट्याङ्कका इचिरो यामामोतोले धेरै पढेको ब्लग पोस्टका अनुसार रूसी बट खाताहरू ‘ठूलो मात्रामा सूचना हेरफेर’ का लागि जिम्मेवार छन्। यसलाई आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले जापानी भाषामा सामग्रीको राम्रो अनुवाद गर्न सक्षम बनाएको छ ।जापानी दक्षिणपन्थीहरूका लागि लामो समयसम्म अभिशाप रहेको रुसप्रति थप समझदारी पनि कामियाका लागि विषयवस्तु हो।

“रुसको सैन्य आक्रमण (युक्रेनको) निस्सन्देह नराम्रो थियो, तर संयुक्त राज्य अमेरिकामा त्यहाँ शक्तिहरू छन् जसले रुसलाई त्यसो गर्न बाध्य पारे”, आफू ‘रुस समर्थक’ हुन अस्वीकार गर्दै कामियाले भन्नुभयो। रूसी राज्य मिडियाले सान्सितो उम्मेद्वारको अन्तर्वार्ता लिएपछि उहाँ आफ्नो अभियानका क्रममा मस्कोबाट समर्थन प्राप्त गर्न अस्वीकार गर्न बाध्य हुनुभयो । रुसमाथि अन्य देशहरूमा यस्तै दलहरूलाई समर्थन गरेको आरोप लगाइएको छ।

**शून्य अवैधानिक**

अन्य देशहरूमा जस्तै सान्सितोको उदय र यसको सफलताले सरकारलाई नयाँ आप्रवासन नीतिहरू घोषणा गर्न प्रेरित गरेको छ र अन्य दलहरूलाई चुनाव अभियानका क्रममा वाचा गर्न प्रेरणा दिएको छ ।इशिबाको एलडिपीले ‘शून्य अवैध विदेशी नागरिकहरू’ प्राप्त गर्ने लक्ष्य घोषणा गरेको छ र सरकारले आप्रवासन र बसोबासका लागि व्यवस्थापन प्रणालीलाई बलियो बनाउने बताएको छ।

आठ गैरसरकारी संस्थाले गत हप्ता जारी गरेको संयुक्त वक्तव्यलाई ‘द्रुत रूपमा फैलिरहेको जेनोफोबिया (विदेशी मानिस मन नपराउने)’ प्रति चेतावनी दिँदै एक हजारभन्दा बढी समूहले समर्थन गरेका थिए।“‘विदेशीहरूलाई प्राथमिकता दिइन्छ’ भन्ने तर्क पूर्णतया निराधार लोकप्रियवाद हो”, वक्तव्यमा भनिएको छ ।सुकुबा विश्वविद्यालयका राजनीति र समाजशास्त्रका प्राध्यापक हिदेहिरो यामामोतोले एलडिपी अन्यत्रका स्थापित पार्टीहरूभन्दा फरक र ‘सबै समावेशी पार्टी’ बनेर रहेको भन्दै लोकप्रियवादले पहिले पकड बनाउन नसकेको बताउनुभयो।

“एलडिपीले सहरहरूमा निम्न मध्यमवर्गीय बासिन्दाहरू, ग्रामीण क्षेत्रका किसानहरू र साना र मध्यम आकारका कम्पनीहरूको हेरचाह गरेको छ”, यामामोतोले भन्नुभयो ।विगतमा जापानमा अन्य नयाँ पार्टीहरूको उदय र गिरावटलाई औँल्याउँदै उहाँ सान्सितो कायम रहने कुरामा निश्चित हुनुहुन्न। “तपाईं जनतामाझ अस्थायी मनोदशा राखेर मात्र समर्थन प्राप्त गर्न जारी राख्न सक्नुहुन्न”, उहाँले भन्नुभयो।

# स्कुलमा विमान दुर्घटना, २७ जनाको मृत्यु, बङ्गलादेशमा शोक

एएफपी

ढाका । बङ्गलादेशको एक स्कुलमा प्रशिक्षण लडाकू जेट दुर्घटना हुँदा २५ बालबालिका र अन्य दुई जनासहित २७ जनाको मृत्यु भएपछि मङ्गलबार परिवारहरू र शिक्षकहरू भेला भएका छन्।

यो दशकौँको सबैभन्दा घातक विमान दुर्घटना हो ।चिनियाँ निर्मित एफ-७ बिजेआई विमान माइलस्टोन स्कुल एन्ड कलेजमा खसेको बेला अधिकांश पीडित विद्यार्थीहरू भर्खरै कक्षाबाट बाहिर निस्किएका थिए।

“अहिलेसम्म २७ जनाको मृत्यु भइसकेको छ। तीमध्ये २५ जना बालबालिका र एक जना पाइलट छन्”, स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका मुख्य सल्लाहकारका विशेष सहायक सैयदुर रहमानले २० जनाको मृत्यु सङ्ख्यालाई अद्यावधिक गर्दै भन्नुभयो, “विभिन्न अस्पतालमा ७८ जनाको उपचार भइरहेको छ।”दुर्घटनामा १७० जनाभन्दा बढी घाइते भएका कारणबारे अनुसन्धान गरिरहेको सेनाले जनाएको छ।

सामान्यतया व्यस्त रहने स्कुल मङ्गलबार बिहान एकदमै शान्त थियो, कक्षाहरू रद्द गरिएको थियो।



“बालबालिकासहित स्कुलले पनि ज्यान गुमाइसकेको छ”, आफ्नो छोरा मुस्किलले दुर्घटनाबाट बचेका ४५ वर्षीय शिक्षक शहादत होसेनले भन्नुभयो, “प्रभावित भवनको अगाडि दुईवटा झुला छन्। खाजा समय र स्कुलपछि बालबालिकाहरू त्यहाँ खेल्छन्। हिजो पनि विमान दुर्घटना भएको समयमा विद्यार्थीहरू ती झुलामा थिए।”

स्कुलमा लगभग सात हजार विद्यार्थी भर्ना भएका छन्। तीमध्ये अबुल बशारको छैटौँ कक्षाका छोरा पनि छन् र उनको सबैभन्दा मिल्ने साथी मारिएका छन् ।“उनी दुर्घटना हुनुभन्दा दुई वा तीन मिनेट अगाडि मात्र बाहिर निस्किएका थिए”, बशारले भन्नुभयो, “उनी रातभर सुत्न सकेनन् र आज बिहान उनलाई स्कुल ल्याउन मलाई बाध्य तुल्यायो।”

**बालबालिकाहरूको आघात**

स्कुल अधिकारीहरूले घटनास्थलबाट बालबालिकाका झोलाहरू, जुत्ताहरू र परिचयपत्रहरू सङ्कलन गरेका छन्।

वरिष्ठ प्रहरी अधिकारी पह्न चक्माले सशस्त्र बलका कर्मचारीहरूले अझै पनि क्षेत्र सफा गरिरहेको बताउनुभयो।

“उनीहरूले त्यस ठाउँलाई पछि प्रहरीलाई हस्तान्तरण गर्नेछन् र त्यसपछि हामीले कुनै पनि मानव अवशेष वा विद्यार्थी र अन्यको सामानसहित प्रमाण सङ्कलन गर्नेछौँ”, उहाँले भन्नुभयो ।ड्युटीमा रहेका वायु सेनाका कर्मचारीहरूले सोमबार राति लडाकू जेटको अवशेषहरू हटाइएको बताए, तर उनीहरूले अझै प्रमाणका लागि साइट खोजी गरिरहेका छन्।

“बालबालिकाहरूलाई यो आघातबाट मुक्त गर्न, सामान्य अवस्थामा फर्कन कति समय लाग्नेछ मलाई थाहा छैन”, शिक्षक होसेनले भन्नुभयो ।सोमबार राति स्कुल अधिकारीहरूले परिसरमा प्रार्थना गरे ।बङ्गलादेशका अन्तरिम नेता मुहम्मद युनुसले यस घटनामा ‘गहिरो शोक र दुःख’ व्यक्त गर्दै एक दिनको राष्ट्रिय शोक घोषणा गर्नुभएको छ।

“वायु सेना, विद्यार्थी, अभिभावक, शिक्षक र माइलस्टोन स्कुल र कलेजका कर्मचारी र यस दुर्घटनाबाट प्रभावित अन्यको क्षति अपूरणीय छ”, उहाँले भन्नुभयो, “यो राष्ट्रका लागि गहिरो पीडाको क्षण हो।”सेनाले जेटले ‘कथित रूपमा मेकानिकल समस्या सामना गर्दा’ पाइलट, फ्लाइट लेफ्टिनेन्ट तौकीर इस्लाम नियमित प्रशिक्षण मिसनमा रहेको बताएको छ ।इस्लामले विमानलाई घना जनसङ्ख्या भएका क्षेत्रहरूबाट टाढा सार्ने प्रयास गरेको तर ‘आफ्नो सक्दो प्रयासका बावजुद’ दुई तले विद्यालय भवनमा ठोक्किएको सेनाले सोमबार जनाएको छ।

# श्रीलङ्काले आपराधिक सम्बन्धमा प्रहरी प्रमुखलाई बर्खास्त गर्ने

एएफपी

कोलम्बो । श्रीलङ्काका प्रहरी प्रमुखलाई बर्खास्त गर्ने तयारी गरिएको छ । देशको संसद्का सभामुखले मङ्गलबार महाभियोग सुनुवाइमा आपराधिक नेटवर्कको नेतृत्व गरेकोमा दोषी पाइएपछि प्रहरी प्रमुखलाई बर्खास्त गर्ने तयारी गरिएको घोषणा गर्नुभयो।

महानिरीक्षक देशबन्धु तेन्नाकोन मुलुकको इतिहासमा यसको ८५ हजार सदस्यीय बलियो प्रहरी बलको नेतृत्व गर्न अयोग्य मानिएपछि महाभियोग लाग्ने पहिलो प्रहरी प्रमुख बन्नुहुनेछ।

संसद्ले नियुक्त गरेको तीन सदस्यीय समितिले सर्वसम्मतिले तेन्नाकोनलाई उहाँमाथि लगाइएका आरोपहरूमा दोषी ठहर गरेको सभामुख जगत विक्रमरत्नेले बताउनुभयो।

“यो हाम्रो संवैधानिक यात्राको ऐतिहासिक क्षण हो, इतिहासमा पहिलो पटक... यस्तो समितिले प्रहरी महानिरीक्षकलाई हटाउन सिफारिस गर्दै आफ्नो निष्कर्ष पेश गरेको छ”, उहाँले भन्नुभयो।



महाभियोगको मतदान निर्धारण गरिनेछ र २२५ सदस्यीय संसद्मा यो पारित हुने अपेक्षा गरिएको छ। संसद्मा राष्ट्रपति अनुर कुमारा दिसानायकेको सरकारसँग दुई तिहाइ बहुमत छ ।श्रीलङ्काको सर्वोच्च अदालतले हिरासतमा रहेका एक संदिग्धलाई पीडितको गुप्ताङ्गमा मेन्थल बाम लगाएर यातना दिएको फैसला गरे पनि तेन्नाकोनलाई सन् २०२३ नोभेम्बरमा प्रहरी प्रमुख नियुक्त गरिएको थियो।

उहाँमाथि सन् २०२३ मा एउटा दुर्भाग्यपूर्ण छापा मारेको आरोप पनि लगाइएको छ। उक्त छापामा तटीय रिसोर्ट सहर वेलिगामामा प्रतिद्वन्द्वी प्रहरी एकाइहरूबीच बन्दुक युद्ध सुरु गरायो र एक अधिकारीकोमृत्युभयो।श्रीलङ्काको सर्वोच्च अदालतले सन् २०२४ जुलाईमा पूर्वराष्ट्रपति रनिल विक्रमसिङ्घेले तेन्नाकोनको नियुक्तिको वैधानिकतामाथि प्रश्न उठाउने छुट्टै मुद्दाको नतिजाको पर्खाइमा उहाँलाई निलम्बन गरेको थियो।

राज्यका एक अभियोजकले यस वर्ष अदालतलाई तेन्नाकोन ‘आपराधिक सञ्जालको प्रमुख’ भएको बताएका थिए।

# थप पाँच हजार टनको विध्वंसक बनाउने उत्तर कोरियाको योजना

एएफपी

सियोल । उत्तर कोरियाले आफ्नो नौसेनाका लागि थप पाँच हजार टन विध्वंसक निर्माण गर्ने प्रतिज्ञा गरेको राज्य मिडियाले मङ्गलबार जानकारी दिएको छ। आणविक हतियारसम्पन्न यस देशले यस वर्ष दुईवटा यस्तै पोत सञ्चालनमा ल्याएको छ।

नेता किम जोङ उनले आफ्नो देशको नौसेना क्षमता बढाउने प्रतिज्ञा गर्नुभएको छ र अप्रिलमा देशको पहिलो पाँच हजार टन विध्वंसक-श्रेणीको नौसेना जहाज चो ह्योनको प्रक्षेपणमा उपस्थित हुनुभएको थियो ।दक्षिण कोरियाको सेनाले सम्भवतः युक्रेनमा मस्कोलाई लड्न मद्दत गर्न हजारौँ सैनिक पठाउने बदलामा रुसको सहयोगमा यो जहाज निर्माण गरिएको हुनसक्ने बताएको छ। किम मे महिनामा विध्वंसक काङ कोनको असफल प्रक्षेपणमा पनि उपस्थित हुनुभएको थियो। उक्त विध्वंसकलाई पछि मर्मत गरी जुनमा पानीमा उतारिएको थियो।

प्योङ्याङको आधिकारिक कोरियन केन्द्रीय समाचार एजेन्सी (केसिएनए) का अनुसार नाम्फो शिपयार्डका कामदारहरूले सोमबार एक र्‍यालीमा अर्को वर्ष अक्टोबर १० सम्ममा नयाँ युद्धपोत पूरा गर्ने प्रतिज्ञा गरेका छन् ।यस मितिले कोरियाको सत्तारूढ मजदुर पार्टीको स्थापनाको वार्षिकोत्सव मनाउँछ ।उत्तर कोरियाले अब ‘चो ह्योन-क्लास डिस्ट्रोयर नम्बर ३’ निर्माण गर्नेछ जसलाई यसले ‘हाम्रो आफ्नै प्रकारको शक्तिशाली युद्धपोत’ भनेर वर्णन गरेको छ।

# गाजा, सिरियामा आक्रमणलाई ‘सुधार’ गर्न नेतान्याहुलाई ट्रम्पको निमन्त्रणा

एएनआई

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजा र सिरियामा भइरहेको इजरायली हवाई आक्रमण नियन्त्रण गरी स्थितिमा सुधार ल्याउन इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई बोलाउनुभएको ह्वाइट हाउसलाई उद्‍धृत गर्दै सिएनएनले जनाएको छ।

गत बिहीबार गाजाको क्याथोलिक चर्चमा भएको आक्रमणको प्रतिक्रिया स्वरूप ट्रम्पले नेतान्याहुलाई आफ्नो असन्तुष्टि व्यक्त गरी इजरायलले आक्रमणलाई गल्ती स्विकार गर्न बोलाउनुभएको जनाइएको छ।

युद्धग्रस्त देशलाई स्थिर बनाउन काम गरिरहेको समयमा सिरियाको राजधानी दमास्कसमा भएको इजरायली हवाई आक्रमणबारे पनि ट्रम्पले छलफल गर्नुहुने ह्वाइट हाउसका प्रेस सचिव क्यारोलिन लेभिटले पत्रकारहरूलाई बताउनुभयो। घनिष्ठ सहयोगी भए पनि ट्रम्प र नेतान्याहुको आपसी अविश्वासका कारण सम्बन्ध जटिल बनेको सिएनएनले उल्लेख गरेको छ।

इरानमा यस गर्मीको संयुक्त हवाई अभियानको समयमा उहाँहरूले नजिकबाट सहयोग गरे पनि उहाँहरूबीचको व्यक्तिगत गतिशीलता तनावपूर्ण रहेको छ ।लेभिटले विदेशमन्त्री मार्को रुबियोको नेतृत्वमा सिरियामा भइरहेका कूटनीतिक प्रयासहरूतर्फ पनि सङ्केत गर्नुभयो। रुबियोले अमेरिकाले प्रतिबन्ध हटाउने र पूर्व विद्रोही नेता एवं सिरियाली राष्ट्रपति अहमद अल-सारालाई समर्थन दिएको समयमा तनाव कम गर्न काम गर्नुभएको थियो।

ट्रम्पले नेतान्याहुको हालैको वासिङ्टन भ्रमणले गाजामा युद्धविरामको दिशामा प्रगति हुने आशा गर्नुभएको थियो। युद्धविराममा हमासले बन्धक बनाएका



मानिसको रिहाइ र मानवीय सहायताको पहुँच विस्तार समावेश थियो। सम्झौता चाँडै हुँदैछ भन्ने ट्रम्पको बारम्बार दाबीका बावजुद कुनै पनि घोषणाबिना नेतान्याहुले अमेरिका छाड्नुभएको थियो।

वार्तासँग परिचित स्रोतहरूलाई उद्धृत गर्दै सिएनएनले सबै पक्ष अझै पनि पछिल्लो युद्धविराम र बन्धक मुक्तिको प्रस्तावमा हमासको प्रतिक्रियाको प्रतीक्षामा रहेको बताएको छ। सोमबार एक विज्ञप्तिमा हमासले सम्झौतामा पुग्न ‘चौबीसै हाम्रो सबै प्रयास र ऊर्जा प्रयोग गरिरहेको’ बताएको छ।

लेभिटले गाजा द्वन्द्वको बढ्दो सङ्ख्याका बारेमा ट्रम्प गहिरो चिन्तित रहनुभएको बताउनुभयो। “मध्यपूर्वमा धेरै लामो समयदेखि भइरहेको यो द्वन्द्वबारे राष्ट्रपतिको सन्देश निकै क्रूर बनेको छ, विशेष गरी हालैका दिनहरूमा, तपाईंले धेरै मानिसहरूको मृत्यु भएको रिपोर्ट देख्नुभएको छ। मलाई लाग्छ राष्ट्रपतिले त्यो कहिल्यै हेर्न मन पराउनुहुन्न। उहाँ हत्याको अन्त्य होस् भन्ने चाहनुहुन्छ”, उहाँले भन्नुभयो।

उहाँले गाजामा मानवीय सहायता पुऱ्याउने ट्रम्पको प्रयासको पनि प्रशंसा गर्नुभयो ।स्थानीय स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार मे महिनाको अन्त्यदेखि गाजामा मानवीय राहत खोज्दै गर्दा एक हजारभन्दा बढी मानिसको मृत्यु भएको सिएनएनले जनाएको छ। हालै २५ देशका विदेशमन्त्रीहरूले यस क्षेत्रमा ‘ड्रिप फिडिङ’ सहायताका लागि इजरायलको आलोचना गरेका छन् ।रासस

# फेवातालको पहिचान र सुन्दरता जोगाउन जुटे

पोखरा । पोखराको फेवाताल केवल पर्यटकीय आकर्षणको मात्र होइन सामाजिक, सांस्कृतिक र वातावरणीय पहिचान पनि हो । फेवातालामा टलक्क टल्कने माछापुच्छ्रे हिम शृखङ्लाको मनमोहक दृश्य, तालबाराहीको मन्दिरको दर्शन, वरिपरिको हरियालीसहित शान्त वातावरण हेर्न बर्सेनि हजारौँ पर्यटक पोखरा आइपुग्छन् ।

पोखराको पहिचान र सुन्दरतालाई जोगाउन अहिले स्वःस्फूर्तरुपमा पोखरेली जेटेका छन् भने आवश्यक नीतिगत व्यवस्थासहित सरकारले पनि प्राथमिकताका साथ सहयोग गरिरहेको छ । पछिल्लो समय प्रदूषण, अतिक्रमण र अव्यवस्थित सहरीकरणले फेवातालको सुन्दरतामा ह्रास आउन थालेपछि नागरिकको सक्रियता बढेको हो । फेवातालको पानीको मुख्य स्रोतको रूपमा रहेको 'हर्पन खोला'ले हरेक वर्ष वर्षायाममा हजारौँ टन गेग्रानसहित माटो बगाएर ल्याउँछ, जसले तालको गहिराइ र क्षेत्रफल दुवै घटाउँदै लगेको छ ।



यसका साथै, ताल वरपरका होटल, रेस्टुरेन्ट र घरहरूबाट निस्कने अप्रशोधित ढल सिधैँ मिसाउनेक्रम बढेसँगै ताल प्रदूषित भएको भनी स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन् । फेवातालको सुन्दरतालाई कायम राख्न बर्सेनि पोखरेलीहरु स्वस्फूर्तरुपमा सफाइ अभियानमा जुटने गर्दछन्, जसलेताललाई बचाउन सहयोग पुऱ्याएको छ ।

विज्ञहरूका अनुसार प्लास्टिकजन्य फोहर र वर्षायाममा तालको ठूलो हिस्सा ढाक्ने जलकुम्भी झारले तालको सौन्दर्यमा गम्भीर असर पारेको छ ।वातावरण संरक्षणका लागि महाअभियानका संयोजक एवं नागरिक समाजका अगुवा रामबहादुर पौडेल भन्नुहुन्छ, "वर्षायाममा बाढीपहिरोसँगै प्लास्टिक, ढललगायत ताल ढाक्ने गरी आउने जलकुम्भीले फेवातालको अस्तित्वमा गम्भीर असर पारेको छ, यो जोगाउने जिम्मा सरकारसँगै हामी नागरिको पनि हो ।"

"पोखरेली हुनुको नाताले तालको संरक्षणको दायित्व बोध गर्दै स्थानीय टोल, आमा समूह, विद्यार्थी, स्वयंसेवी क्लबहरू, सङ्घसंस्था र जलारी समुदायले फोहर सङ्कलन, सचेतना र वृक्षारोपणजस्ता गतिविधि गरेर फेवाताल संरक्षणमा जुटिरहेका छन्, यसले तालप्रतिको अपनत्व बढाएको छ " उहाँले भन्नुभयो, "निःस्वार्थ भावनाले ताल सफा गर्न जुट्ने ती स्वयंसेवकहरूको अनुहारमा जुन चमक देखिन्छ, त्यो केवल वातावरणको माया होइन, सहर र प्राकृतिक सम्पदाप्रतिको जिम्मेवारी पनि हो ।"

पौडेलका अनुसार फेवातालको संरक्षण गर्दा पर्यटन प्रवर्द्धन, वातावरणीय सन्तुलन र सामाजिक चेतना तीनै कुरा सँगसँगै अगाडि बढ्छन्, भन्ने बुझाइ अब पोखराबासीको रहेको छ । "फेवाताललाई बचाउन अझ सशक्त सहकार्य, दीर्घकालीन योजना र हरेक नागरिकको प्रतिबद्धता चाहिन्छ । फेवाताल सफा हुनु भनेको पोखराको पहिचान जोगिनु मात्र होइन, भावी पुस्ताका लागि एउटा हरित र स्वस्थ सहर उपहार दिनु हो ।" पौडेलले भन्नुभयो । यसैगरी फेवा मत्यस्य सहकारीका अध्यक्ष एवं जलारी समुदायका अगुवा ज्ञानबहादुर जलारी तालमा आश्रित जलारी समुदायले प्रत्येक महिनाको ३ गते फेवाताल सफाइ अभियान गर्दै आएको बताउनुहुन्छ ।

"हामीले लामो समयदेखि यो सफाइ अभियान गर्दै आएका छौँ । नागरिक समाज, महिला सञ्जाल, युवा क्लब, विद्यार्थी, पर्यटन व्यवसायी, प्रहरी, सञ्चारकर्मीलगायतको पनि साथसहयोग रहेको छ ।" उहाँले भन्नुभयो । "जलकुम्भी लगायतका कुहिने फोहरलाई मल बनाउने र प्लास्टिकजन्य नकुहिने फोहरलाई महानगरको गाडीबाट व्यवस्थापन गर्दै आएको छौँ, हरेक महिना छ/सात ट्रक फोहर निस्कने गर्दछ, जलकुम्भी निकाल्ने समयमा भने अझ बढी हुन्छ ।" उहाँले ताल प्राधिकरणको प्रभावकारी कार्यान्वयन, तालमा मिसिने ढल र गेग्रानको उचित व्यवस्थापन तथा अतिक्रमण विरुद्ध शून्य सहनशीलता अपनाउन सकेमात्र पोखराको यो अमूल्य धरोहरलाई भावी पुस्ताका लागि सुरक्षित राख्न सकिने बताउनुभयो । उहाँले करिब एक सय घरपरिवार फेवातालमा आश्रित जलारी समुदाय रहेको जानकारी दिनुभयो ।

पोखरा महानगरपालिका-६ महिला सञ्जालकी अध्यक्ष बबिता मल्लले फेवाताल सफाइ अभियानको उद्देश्य पोखराको पहिचानसँगै पोखराको पर्यटन, अर्थतन्त्र र जनस्वास्थ्य जोगाउनु रहेको स्पष्ट गर्नुभयो ।"तालको संरक्षण गर्ने जिम्मेवारी हाम्रो पनि हो भन्ने 'नारा'लाई सार्थक बनाउन जोड दिएका छौँ, फेवाताल संरक्षण अभियान केवल फोहर सङ्कलनमा सीमित छैन्, यो एउटा चेतनाको अभियान पनि हो, जहाँ सरकारी योजना, बजेट, नीतिगत प्रतिबद्धता र नागरिकको सक्रिय सहभागिता एकसाथ अघि बढाउन सकिएको छ ।" उहाँले भन्नुभयो ।

पोखरा महानगारपालिका-६ मा १८ वटा आमा समूहको सञ्जाल रहेको र स्वःस्फूर्तरुपमा फेवाताल सफाइ अभियानमा जुट्ने गरेको अध्यक्ष मल्लले जानकारी दिनुभयो । पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रु आठ अर्ब ३५ करोड १२ लाख बराबरको बजेट प्रस्तुत गऱ्यो । उक्त बजेटमध्ये सहरी विकास, पर्यटन, वन तथा वातावरणतर्फ ३८ करोड अर्थात् सात दशमलव २८ प्रतिशत विनियोजन भएको छ ।

महानगरले बजेटमार्फत पोखराको पहिचानसँग जोडिएको फेवाताललगायतका तालको संरक्षण लागि एक अधिकार सम्पन्न 'पोखरा ताल विकास प्राधिकरण' गठन गर्ने घोषणा गरेको छ । महानगरले ताललाई ३०-४० वर्ष पुरानै स्वरूपमा फर्काउने दूरदर्शी योजनाअघि सारेको छ । महानगरपालिकाअन्तर्गतको सहरी विकास पर्यटन पूर्वाधार तथा वातावरण महाशाखा प्रमुख विमलरञ्जन कार्कीका अनुसार तालको सौन्दर्यमा ह्रास ल्याइरहेको जलकुम्भी झारलाई आयआर्जन र रोजगारीको स्रोतमा रूपान्तरण गर्ने नवीन कार्यक्रमसमेत बजेटमा समावेस गरिएको छ ।

उहाँले भन्नुभयो, "फोहरमैला तथा ढल व्यवस्थापन, वातावरणीय सचेतना कार्यक्रम, हरियाली प्रवर्द्धन तथा जनसहभागितामूलक वातावरणीय अभियानका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । यी कार्यक्रमले समुदाय एवं सरकारबीचको सहकार्यलाई सशक्त बनाउँदै पोखराको दिगो पर्यटन विकासमा टेवा पुऱ्याउने महानगरको विश्वास छ ।"

पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य ताल संरक्षण नागरिक, समुदाय र सरकार सबैको साझा दायित्व भएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "फेवाताल संरक्षणमा नागरिक समाजको भूमिका पनि उल्लेखनीय देखिएको छ, 'वातावरण एवं सम्पदा संरक्षणमा नागरिक खबरदारी' जस्ता नाराका साथ स्थानीयवासीको सक्रिय सहभागिता पोखराको सौन्दर्य र स्वाभिमानको परिचय बनेकाले यसमा हामी सबैले गर्व गर्नुपर्दछ ।"

प्रमुख आचार्यले मानवीय र प्राकृतिक अतिक्रमणका कारण फेवातालको क्षेत्रफल निरन्तर साँघुरिँदै गएको र यहीक्रम जारी रहे ताल नै लोप हुने खतरा देखिएको भनी चिन्ता व्यक्त गर्नुभयो । सर्वोच्च अदालतको आदेशानुसार सरकारले फेवातालको क्षेत्रफल पाँच दशमलव ७२६ वर्गकिलोमिटर कायम गरेको र फेवातालको किनारबाट ६५ मिटर मापदण्ड लागू गर्दै पिलर गाड्ने कार्य अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो ।

महानगरले फेवाताल सफाइका लागि विशेष वातावरण संरक्षण कोष, सामुदायिक साझेदारी कार्यक्रम र फोहरमैला प्रशोधन केन्द्रजस्ता पूर्वाधारमा पनि बजेट सुनिश्चित गरेको बताएको छ । प्रमुख आचार्यले तालबाट सङ्कलित जलकुम्भी झारलाई प्रयोग गरी सीमान्तकृत समुदायलाई सीपमूलक तालिम दिइने र तालिमपछि उत्पादित हस्तकलाका सामाग्री 'कोसेली घर' र स्थानीय बजारमार्फत बिक्री गरिनेसमेत जानकारी दिनुभयो ।रासस

# नेप्से परिसूचकमा ८० अङ्कको सुधार, कारोबार रकम २० अर्ब नाघ्यो

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धिसँगै कारोबार रकम पनि बढेको छ । मंगलबार नेप्से परिसूचक ८० दशमलव ९७ अङ्कले बढेर दुई हजार ९७३ दशमलव ७० बिन्दुमा कायम भएको हो । यो दुई दशमलव ७९ प्रतिशतको वृद्धि हो ।

नेप्सेमा मंगलबार ३१९ कम्पनीको चार करोड ३५ लाख ८१ हजार २२८ कित्ता शेयर एक लाख ७७ हजार १०१ पटक खरिदबिक्री हुँदा रू २० अर्ब आठ करोड ५३ लाख ६७ हजार २९३ बराबरको कारोबार भएको छ । मंगलबारको कारोबार पछि बजार पुँजीकरण रू ४९ खर्ब ६२ अर्ब १२ करोड नाघेको नेप्सेले जनाएको छ ।



सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह चार दशमलव ६३, जीवन बीमा समूह चार दशमलव ३६ र लघुवित्त समूह चार दशमलव ०७ प्रतिशतले बढेको छ । बैङ्किङ दुई दशमलव १०, विकास बैङ्क दुई दशमलव २६, वित्त एक दशमलव ९४, होटल तथा पर्यटन तीन दशमलव ४४ र जलविद्युत् समूह एक दशमलव ९० प्रतिशतले बढेको छ । त्यसैगरी, लगानी तीन दशमलव ३४, म्युचुअल फन्ड शून्य दशमलव ५६, निर्जीवन बीमा दुई दशमलव ५६, व्यापार एक दशमलव ०१ र अन्य समूह तीन दशमलव २६ प्रतिशतले बढेको छ ।

मंगलबारको कारोबारमा ट्रेड टावर लिमिटेड, शिवम् सिमेन्ट लिमिटेड, सान्भी इनर्जी लिमिटेडलगायत कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा एलबीबीएल डिबेञ्चर-२०८९ तीन दशमलव ९४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रू ७१ करोड ८८ लाख ८५ हजार ७४५ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै सनराईज फोकस्ड इक्विटी फण्डको २२ लाख ३७ हजार ३९५ कित्ता शेयर खरिदबिक्री भएको छ ।रासस

# चिया र नास्ता पसलबाट हजारौंको आम्दानी



कञ्चनपुर । कृष्णपुर नगरपालिका-५ गजरौला बजारको एक कुनामा बिहानैदेखि धुवाँको मुस्लो, समोसाको गन्ध र तातो चियाको बाफले ग्राहक तानिरहेको हुन्छ । ग्राहकका बीचमा त्यही भेटिनुहुन्छ, नन्दप्रसाद तिवारी । चिया र नास्ताको पसलमार्फत उहाँले आफ्नो परिवार चलाइरहनुभएको छ ।

करिब ५३ वर्षीय तिवारीको जीवन सहज भने थिएन । विक्रम संवत् २०५१ मा भारतको नैनितालमा बसमा उहाँ सहचालकका रूपमा काम गर्दा दुर्घटनामा पर्नुभयो । उहाँको दायाँ खुट्टा भाँच्चियो र बायाँ पनि कमजोर भयो । रोजगारी गुमेपछि उहाँ घर फर्किनु भयो । "घरमै बसेर जिन्दगी चल्दैन भन्ने लाग्यो", उहाँले भन्नुभयो, "विसं २०५४ मा मुगुबाट गजरौला झरे, सानो चिया पसल खोलेर जीवनको नयाँ अध्याय सुरु गरे ।"

श्रीमती लक्ष्मीका साथमा उहाँ चिया, समोसा र पकौडा बनाउनुहुन्छ । दुवै जना बिहान ५ देखि बेलुकी ८ बजेसम्म चिया नास्ताको पसल चलाउनुहुनछ । त्यसमा उहाँका छोरा र बुहारीले पनि साथ दिएका छन् । त्यसबाट मासिक रु ३० देखि ३५ हजारसम्म आम्दानी हुन्छ । पसलकै कमाईले किनेको दुई कठ्ठा जमिन भए पनि अधिकांश खाद्य सामग्री बजारमै किन्नुपर्ने बाध्यता छ । यस्तैमा उहाँले पसलको आम्दानीबाट केही रकम बचत गर्दै दुई कोठाको पक्की घर निर्माण गर्नुभएको छ ।

दैनिक रु २०० सहकारीमा बचत गर्ने उहाँले वार्षिक रु एक लाखसम्म बचत गर्ने गरेका छन् । उहाँको पाँच जनाको परिवारको सहारा एक मात्रै त्यही चिया पसल मात्रै रहेको छ । त्यसकै कमाईले परिवारको खर्च चल्छ । तिवारीले पसल खोलेदेखि दुःखको पनि कम अभाव भोग्नुभएको छैन । "विसं २०६० तिर आगलागीले पसलका सबै सामान जले", उहाँ विगतलाई सम्झँदै भन्नुहुन्छ, "विसं २०६४ मा फेरि बाढीले घरभित्रको र पसलभित्रको सबै समान बगाएर लग्यो, हिम्मत हारिन् ।"

सानो चुलो, चिया र आत्मबलको सहारामा फेरि नयाँ शिराबाट व्यवसाय सुरु गरेर यहाँसम्म आइपुगेको उहाँले बताउनुभयो । "हरेक दिन नन्दप्रसादकै चिया पसलमा पुग्छौँ", स्थानिय युवा सुरेश विक भन्नुहुन्छ, "स्वादिष्ट चिया र नास्ता पाइन्छ नै, मेहनतको पाठ पनि पढ्न पाइन्छ, उहाँले गरेको सङ्घर्ष अनुकरणीय छ ।"

उहाँका अनुसार तिवारी अपाङ्गता भएको भए पनि कामबाट कहिल्यै पछि हट्नुभएको छैन । उहाँले भन्नुभयो, "तिवारीको सङ्घर्ष देख्दा शारीरिक अपाङ्गता आत्मबलको अगाडि बाधा होइन भन्ने प्रमाणित हुन्छ, पसलमा न आकर्षक बोर्ड, न सुविधा सम्पन्न छ, तर श्रम, इमान र निरन्तरता छ, त्यसैले ग्राहले उहाँलाई रुचाउँछन् ।"रासस

# कीर्तिमानी निर्यातमा आयातित भटमास र सूर्यमुखी तेलको आधा हिस्सा

काठमाण्डु । गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको वैदेशिक व्यापार नयाँ उचाइमा पुगेको छ । भन्सार विभागका अनुसार आयात र निर्यात दुवै तथ्याङ्क हालसम्मकै उच्च छन् । गत आवमा नेपालले गरेको कुल निर्यातको आधा हिस्सा भने आयातित कच्चा भटमास तेल (क्रुड सोयाबिन आयल) र कच्चा सूर्यमुखी तेल (क्रुड सनफ्लावर आयल) रहेको देखिएको छ ।



भन्सार विभागले आज सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०८१/८२ मा नेपालले कुल रु २० खर्ब ८१ अर्ब १५ करोड २९ लाख बराबरको वैदेशिक व्यापार गरेको छ । गत आवमा रु १८ खर्ब चार अर्ब १२ करोड २७ लाख बराबरको वस्तु आयात हुँदा रु दुई खर्ब ७७ अर्ब तीन करोड बराबरको निर्यात भएको छ । त्यसबाट नेपालले रु १५ खर्ब २७ अर्ब नौ करोड २५ लाख बराबरको व्यापार घाटा व्यहोरेको छ । विभागका निर्देशक किशोर बर्तौलाका अनुसार गत आवको आयात र निर्यात दुवै हालसम्मकै उच्च हो ।

अघिल्लो आर्थिक वर्ष २०८०/८१ को तुलनामा गत आवमा आयात १३ दशमलव २५ र निर्यात ८१ दशमलव ८० प्रतिशतले बढेको विभागको तथ्याङ्कबाट देखिएको छ । समग्र वैदेशिक व्यापार १९ दशमलव २४ प्रतिशतले बढ्दा व्यापार घाटा छ प्रतिशतले बढेको छ । कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ८६ दशमलव ६९ र निर्यातको हिस्सा १३ दशमलव ३१ प्रतिशत रहेको छ ।

नेपालले सबैभन्दा धेरै वैदेशिक व्यापार गर्ने मुलुक भारतसँग गत आवमा रु १० खर्ब ७१ अर्ब २० करोड बराबरको आयात र रु दुई खर्ब २४ अर्ब ६८ करोड ४३ लाख बराबरको निर्यात गरेको छ । त्यसबाट भारतसँग मात्र रु आठ खर्ब ४६ अर्ब ५१ करोड ४५ लाख बराबर नेपालले व्यापार घाटा व्यहोरेको छ ।

त्यस्तै चीनबाट रु तीन खर्ब ४१ अर्ब १० करोड ४५ लाख बराबरको वस्तु आयात हुँदा रु २६ अर्ब ३० करोड बराबरको मात्रै निर्यात भएको छ । अर्जेन्टिना, युक्रेन, युनाइटेड अरब इमिरेट्सलगायत मुलुकहरुसँग नेपालले बढी व्यापार घाटा व्यहारेको छ ।

नेपालले सबैभन्दा धेरै व्यापार नाफा गरेका मुलुकमा अफगानिस्तान, डेनमार्क, रसियन फेडेरेसन, रोमानिया, अस्ट्रिया, लाओसलगायत मुलुक छन् । सबैभन्दा धेरै अफगानिस्तानसँग रु ६८ करोड ६१ लाख १७ हजार र डेनमार्कसँग रु ३३ करोड ८९ लाख १३ हजार व्यापार नाफा गरेको विभागको तथ्याङ्कबाट देखिन्छ ।

बढी आयात भएको वस्तुको पहिलो स्थानमा पेट्रोलियम पदार्थ देखिएको छ । गत आवमा रु एक खर्ब २८ अर्ब ७६ करोड १६ लाख बराबरको डिजेल, रू ६४ अर्ब १२ करोड ७४ लाख बराबरको पेट्रोल र रु ६२ अर्ब ५८ लाख ७२ हजार बराबरको खाना पकाउने ग्यास आयात भएको छ । यस्तै रु ३५ अर्ब ५४ करोड ७३ लाख बराबरको स्मार्टफोन, रु १८ अर्ब ६२ करोड बराबरको विद्युतीय कार आयात भएको छ ।

विभागको तथ्याङ्कअनुसार गत आवमा रु एक खर्ब आठ अर्ब ९५ करोड ३३ लाख बराबरको कच्चा भटमास तेल र रु २९ अर्ब दुई करोड १९ लाख बराबरको कच्चा सूर्यमुखी तेल आयात भएको छ । नेपालले बढी निर्यात गर्ने वस्तुमा पनि भटमास तेल र सूर्यमुखी तेल शीर्ष स्थानमा छन् ।

सबैभन्दा बढी निर्यात भएका वस्तुमा सोयाबिन तेल रु एक खर्ब छ अर्ब ७९ करोड १२ लाख बराबरको निर्यात भएको छ । त्यस्तै, सूर्यमुखी तेल रु १२ अर्ब ३२ करोड ६५ लाख बराबरको निर्यात भएको छ । कार्पेट रु १० अर्ब ७७ करोड ६८ लाख, अलैँची रु सात अर्ब ६८ करोड ३७ लाख, छुर्पी रु चार अर्ब ५१ करोड र चिया रु चार अर्ब २१ करोड बराबरको निर्यात भएको छ ।

विभागका निर्देशक बर्तौलाका अनुसार गत आवमा यी वस्तुको नेपालले निर्यात गरेको भन्दा बढी आयात छ । त्यस्तै मूल्य अभिवृद्धि पनि न्यून रहेको उहाँको भनाइ छ ।रासस

# मकैबाली जोगाउन हेरालु नियुक्त

अर्घाखाँची । अर्घाखाँचीमा वन्यजन्तुबाट बालीनाली जोगाउन हेरालु नियुक्त गरिएको छ । सो कार्यका लागि २० कर्मचारी नियुक्ति गरिएको छ ।

कार्यालयले वन्यजन्तु प्रभावित क्षेत्रलाई लक्षित गरी वन संवर्द्धन प्राणालीमा आधारित वन व्यवस्थापन कार्य गरिरहेका १० समूहको समेत लागत साझेदारीमा जिल्लामा पहिलोपटक २० स्थानका लागि हेरालु नियुक्त गरिएको डिभिजन वन कार्यालयका प्रमुख मोहन श्रेष्ठले बताउनुभयो । कार्यालयले आगामी कात्तिक ५ गतेसम्मका लागि मकैबालीलाइ लक्षित गरी सञ्चार तथा पारिश्रमिक खर्च व्यहोर्ने गरी हेरालुलाई प्रभावित क्षेत्रमा आवश्यक सामग्रीसहित खटाएको छ ।

वन्यजन्तुबाट प्रभावित सन्धिखर्क नगरपालिकाको किमडाँडा र पटुवाथुम, पाणिनी गाउँपालिकाको पाली र अडगुरी, छत्रदेव गाउँपालिकाको चिदीका, बल्कोट, केरुङ्गा र अर्घातोष तथा मालारानी गाउँपालिकाको खनलगायतका स्थानमा उनीहरुलाई खटाइएको कार्यालयका सूचना अधिकारी केशव खड्काले बताए ।रासस


## आइ.पि.ए. गुटखा उद्योग

**सम्सी, महोत्तरी**

## मुल्य सूची सम्बन्धी सूचना

यस आइ.पि.ए. गुटखा उद्योगबाट उत्पादित तपसिल बमोजिम ब्राण्डका गुट्खा, स्वीट सुपारी तथा पान मसलाहरु नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्नका लागि अर्को सूचना जारी नभएसम्मका लागि मिति २०८२/०४/०७ गते देखि लागु हुने गरी कायम गरिएको हुँदा सम्बन्धित सबैमा जानकारीका लागि तपसिल बमोजिमका मुल्यसूचि अनुसार बिक्री वितरण गर्न हुन सुचित गरिन्छ। उपराँत मुल्यमा मू.अ.कर समावेश गरिएको छैन ।

| विवरण | साइज़ (प्रति पोका) | डीलर (मूल्य प्रति पोका) | थोक बिक्रेता | खुदरा बिक्रेता | उपभोक्ता खुदरा मूल्य | प्रति पाउच मूल्य |
|---|---|---|---|---|---|---|
| ए.टी.एम सवीट सुपारी | १५० ग्राम | १६३ | १७८ | २०० | २५० | २.५ |
| सुभलाभगुटखा | १५० ग्राम | २१० | २२५ | ३०० | ३७५ | ५ |
| किक गुटखा | १५० ग्राम | २१२ | २२७ | ३०० | ३६० | ५ |

**नोट** :- खुद्रा बिक्रेताले अधिकतम खुद्रा मुल्य भन्दा कम मुल्यमा पनि बिक्री गर्न सक्ने छ।

# क्याम्पसको परीक्षा केन्द्र सारिएपछि विद्यार्थी आक्रोशित



**टुडे समाचारदाता**

राजविराज। राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस (मविव) को परीक्षा केन्द्र सिराहाको लहानमा सारिएको भन्दै विद्यार्थीहरू आन्दोलनमा उत्रेका छन् । मविव क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियनको अगुवाइमा मङ्गलबार विरोध प्रदर्शनमा विद्यार्थी आन्दोलनमा उत्रेका छन् ।

शुरुमा विज्ञान संकायको परीक्षा केन्द्र लहान सारिएपछि असन्तुष्ट बनेका विद्यार्थीहरूले क्याम्पस प्रशासनमा तालाबन्दी गर्दै विरोध जनाइरहेका थिए । तर त्यसको केही समय नबित्दै एलएलबी र व्यवस्थापन संकायका समेत परीक्षा केन्द्र लहान सारिएपछि विद्यार्थीहरू आक्रोशित बनेका छन् ।

त्यसको विरोधस्वरूप मंगलबार बिहान विद्यार्थीहरूले क्याम्पस परिसरमा टायर बालेर प्रदर्शनमा उत्रिएका छन् । सप्तरी र सिराहाको मात्र परीक्षा केन्द्र सार्नुमा त्रिवि कार्यालयको बदनियत रहेको स्वतन्त्र विद्यार्थी युनियन मविब क्याम्पस राजविराजका सभापति रंजित यादवको आरोप छ ।

स्ववियु सभापति यादवका अनुसार राजविराजमा भवन र पूर्वाधार प्रशस्त हुँदाहुँदै परिक्षा केन्द्र सार्नु हाम्रो लागि अपमानजस्तै भएको बताउँदै सप्तरी र सिराहाको मात्रै परीक्षा केन्द्र सारिएकोमा आपत्ति जनाए । उनले त्रिवि आंगिक क्याम्पसको सेन्टर निजी क्याम्पसमा दिनु गलत भएकोले ' यो निर्णय बदनियतपूर्ण र यहाँका विद्यार्थीमाथिको अन्यायपूर्ण व्यवहार भएको बताए । उनले यदि त्रिविले तुरुन्त निर्णय फिर्ता लिँदैन भने हामी अझ कडा आन्दोलनमा जान बाध्य हुने जानकारी दिए ।

परीक्षा केन्द्र लहान सारिएपछि असन्तुष्ट बनेका विद्यार्थीहरूले चर्को नाराबाजी गर्दै त्रिभुवन विश्वविद्यालय र सम्बन्धित निकायहरूसँग तत्काल निर्णय फिर्ता लिन माग गरेको छ ।

उनीहरुले क्याम्पसको परीक्षा केन्द्र पुनः क्याम्पसमै कायम नगरे आन्दोलन कायमै राख्ने र समाधान नखोजिए थप कडा आन्दोलन गर्ने चेतावनी विद्यार्थीहरूले दिएका छन् । त्रिभुवन विश्वविद्यालयले सार्वजनिक गरेको परीक्षा तालिका अनुसार बुधबारदेखि एलएलबी दोस्रो वर्षको परीक्षा हुँदै छ ।

तर स्ववियु आबद्ध विद्यार्थी आन्दोलित हुँदा यहाँका परीक्षार्थीमा पनि परीक्षामा सहभागी हुने विषयमा अन्योल देखिएको छ । यस क्याम्पसमा एलएलबी दोस्रो वर्षमा ३ सय विद्यार्थी अध्ययनरत छन् ।

# स्वास्थ्य केन्द्र र कटहरिया नगरपालिकामा तालाबन्दी

तीनवटा मृत्यु घटनापछि आक्रोशित स्थानीयहरुले प्राथमिक स्वास्थ्य केन्द्र कटहरिया र कटहरिया नगरपालिकाको कार्यालयमा ताल्चा लगाउँदै दोषी डाक्टर र कर्मचारीविरुद्ध कारवाहीको माग गरेका छन् ।

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको कटहरिया नगरपालिका- ५ स्थित प्राथमिक स्वास्थ्य केन्द्र कटहरियामा स्वास्थ्य सेवा अभाव र डाक्टरहरूको लापरवाहीका कारण लगातार दुई शिशुको मृत्यु भएको पीडित परिवारको आरोप छ ।

आक्रोशित स्थानीयहरूले मंगलबार प्राथमिक स्वास्थ्य केन्द्र र नगरपालिका कार्यालयमा तालाबन्दी गरेका छन् ।



स्थानीय पीडितमध्ये एक बाबुलाल दासका अनुसार उनकी छोरीलाई व्यथा लागेपछि प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याइएको थियो । त्यहाँ नर्मल डेलिभरी (छोरा) भए पनि बच्चा नरोएपछि शिशुको नारा काटेर झाँझ फुलस्थित एक निजी क्लिनिकमा पठाइएको थियो । तर क्लिनिक पुग्नु अघि नै शिशुको मृत्यु भइसकेको थियो । दोस्रो घटना सोमबार साँझ कटहरिया नगरपालिका ३ बडेर्वाका मनोज साहकी छोरी पुनमलाई पनि व्यथा लागेपछि स्वास्थ्य केन्द्रमा ल्याइएको थियो । गर्भवती महिलाको भिडियो एक्सरे गरेर बच्चा जन्मन अझै १० दिन बाँकी रहेको भन्दै डाक्टरले औषधि दिई घर पठाइएको थियो। तर व्यथा झन् बढेपछि परिवारले पुनः शिवनगरस्थित एक निजी क्लिनिकमा लगेका थिए । बीच बाटोमै पुनमको नर्मल डेलिभरी भए पनि शिशुको अवस्था जटिल भएकोले बिरगंज लैजाँदै गर्दा बाटोमै शिशुको ज्यान गएको पीडित मनोज साहले बताए ।

तेस्रो घटना गत शनिबार राति भएको थियो । स्थानीय पत्रकार रविन्द्र प्रजापतिले आत्महत्याको प्रयास गरेपछि उनलाई तत्कालै उपचारको लागि प्राथमिक स्वास्थ्य केन्द्र कटहरियामा पुऱ्याइएको थियो । तर केन्द्रमा अक्सिजनको व्यवस्था नभएकै कारण उनको पनि उपचारको अभावमा ज्यान गएको परिवारको भनाइ छ ।

पीडित परिवारहरु र स्थानीयवासीले स्वास्थ्य केन्द्रमा अक्सिजन, औषधि, ग्लब्स जस्ता आधारभूत स्वास्थ्य सामग्रीको समेत अभाव रहेको गुनासो गरेका छन् ।

तीनवटा मृत्यु घटनापछि आक्रोशित स्थानीयहरूले प्राथमिक स्वास्थ्य केन्द्र कटहरिया र कटहरिया नगरपालिकाको कार्यालयमा ताल्चा लगाउँदै दोषी डाक्टर र कर्मचारीविरुद्ध कारवाहीको माग गरेका छन् ।

प्रहरी र स्थानीय प्रशासनको ध्यानाकर्षण गराउँदै पीडितहरूले न्यायको माग गर्दै तालाबन्दी गरेका थिए । कटहरियाका मेयर अजय प्रकाश जैसवालको लापरवाहीको कारण प्राथमिक स्वास्थ कार्यालयको अवस्था दयनीय भएको स्थानीयहरुको आरोप रहेको छ । यसैबीच स्वास्थ केन्द्र र नगरपालिकाको ताला खुलाउन इलाका प्रहरी कार्यालय कटहरियाको प्रांगणमा नगर स्वास्थ संयोजक डाक्टर र स्थानीयहरु बीच छलफल जारी रहेको सहभागी कार्यपालिका सदस्य मनोज कुमार जैसवालले बताएका छन् । स्वास्थ्य केन्द्रमा कार्यरत दुईजना स्वास्थ्यकर्मीलाई तत्काल अन्यत्र सरुवा गर्ने नगरपालिकाले प्रस्ताव गरेका छन् । तर स्थानीयहरु दोषी चिकित्सकहरुमाथि कारबाही हुनुपर्ने अडान लिएका छन् ।

# बीपी कोइरालाको स्मृति दिवस मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका संस्थापक बीपी कोइरालाको ४३ औं स्मृति दिवसको अवसरमा जनकपुरधामसहित मधेश प्रदेशको विभिन्न स्थानमा विविधि कार्यक्रम गरी मनाइएको छ ।

सो क्रममा जनकपुरधाममा रक्तदान कार्यक्रम आयोजन गरिएको छ भने अन्य स्थानमा विचार गोष्ठी, वृक्षरोपणसहितका कार्यक्रम गरिएको नेपाली कांग्रेस मधेश प्रदेशले जनाएको छ ।

सो क्रममा नेपाली कांग्रेस रौतहटले प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको स्मृति दिवसमा चन्द्रपुर-८ सन्तपुर बेतौना कोटिहोममा विभिन्न प्रजातिका बिरुवा रोपन गरेको छ ।

स्मृति दिवसको अवसरमा मधेश प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले स्व.कोइरालाको कारण विभिन्न शोषित, उत्पिडित जनताले न्याय पाएको बताए । उनले स्व.कोइराला नेपालमा मात्र स्वतन्त्रताको लागि नभएर भारतको




स्वतन्त्रताका लागि समेत योगदान पुऱ्याएको प्रसंग उल्लेख गरे ।

त्यस्तै चन्द्रपुर नगरपालिकाका मेयर सञ्जयकुमार काफ्लेले स्व.कोइरालाको योगदान चिरस्मरणीय रहेको र उनको प्रेरणाले आज मुलुकमा प्रजातान्त्रिक शक्तिलाई एकजुट पार्न सफलता प्राप्त भएको बताए ।

जनकपुरधाममा आयोजित रक्तदान कार्यक्रममा बोल्दै नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पँजियारले नेपाली कांग्रेशको झण्डा मात्र बोकेर पार्टी सुदृढ नहुने बताए । उनले कांग्रेसको सिद्धान्त अनुसार पार्टीका सवै तह तप्काका व्यक्तिहरु चल्नुपर्नेमा जोड दिए ।

उनले महामानव स्व.कोइरालाको नीति अनुसार भ्रष्टाचार रहित सेवामूलक भावना राखेर अघि बढ्नुपर्ने आजको आवश्यकता रहेको बताए ।

विक्रम संवत् १९७१ भदौं २४ गते जन्मिएका कोइराला २०१५ सालको संसदीय निर्वाचनपछि २०१६ जेठमा नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री थिए । नेपालमा प्रजातन्त्रको स्थापनाका लागि कठोर संघर्ष गर्दै २०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिई स्वदेश फर्किएका वीपीको २०३९ साउन ६ गते निधन भएको थियो । सो दिनलाई कांग्रेसले वीपी स्मृति दिवसको रूपमा मनाउँदै आएको छ ।

सोही क्रममा नेपाली कांग्रेस धनुषाले आयोजना गरेको रक्तदान कार्यक्रममा ६१ जनाले रक्तदान गरेको जनाएको छ ।

# गम्भीर प्रकृतिको उपचार सफलतापूर्वक हुने गरेको दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमै जनकपुरधाममा एक निजी अस्पताल गम्भीर प्रकृतिको उपचार सफलतापूर्वक गरिरहेको दाबी गरिएको छ ।

जनकपुरधाममा मंगलबार पत्रकार सम्मेलन आयोजन गर्दै न्यूरो अस्पताल जनकपुरधामका सञ्चालक विजय राउतले गम्भीर प्रकृतिका उपचार सफलतापूर्वक हुने गरेको बताए ।

यस अस्पतालमा हुने गरेको उपचार ९५ प्रतिशतभन्दा बढी सफलतापूर्वक शल्यक्रियामार्फत उपचार गरेर विरामी निको भएर जाने गरेको उनले बताए ।

उपचारका क्रममा मृत्यु भएका धनुषाका बालक आयुष साहको घटनामा आफ्नो पक्ष सार्वजनिक गर्दै आरोप निराधार रहेको दाबी गरे । अस्पतालका सञ्चालक राउतले बालकको अवस्था अस्पतालमा




ल्याउनु अघि नै अत्यन्त गम्भीर (क्रिटिकल) रहेको स्पष्ट पारे ।

सञ्चालक राउतले भने, "माघ १९ गते भर्ना गरिएलगत्तै गरिएका परीक्षणहरूबाटै थाहा भयो कि बालकको अवस्था अन्तिम चरणमा थियो । सिटी स्क्यानसहित अन्य रिपोर्टले देखाएको अवस्था उनका अभिभावकलाई पनि तत्कालै जानकारी गराइएको थियो ।"

उनले अघि थप्दैं भने, "जहाँ लगे पनि बाँच्छ भन्ने अवस्था थिएन। तर मानिसले ग्यारेन्टी खोज्छ, जुन डाक्टरको हातमा हुँदैन ।"

परिवारले बालकलाई काठमाण्डुस्थित ट्रमा सेन्टर लगेको थियो, जहाँका चिकित्सकहरूले पनि यस्तै प्रतिक्रिया दिएका थिए । तथापि सामाजिक सञ्जालमार्फत अस्पताललाई बदनाम गराउने प्रयास भएको र यसबाट दुःख लागेको अस्पतालले जनाएको छ ।

सो अस्पतालमा ४० देखि ४५ लाख रुपैयाँ खर्च भएको भन्ने अभिभावकको दाबीबारे बोल्दै सञ्चालक राउतले वास्तविक खर्च करिब १० लाख रुपैयाँ रहेको बताए ।

सञ्चालक राउतले संवेदनशील घटनालाई अनावश्यक विवादमा नतानेर यथार्थ बुझ्न आग्रह गरे ।

# निजी कारबाट १३३ किलो गाँजा बरामद



**टुडे समाचारदाता**

रौतहट । रौतहटको गरुडामा प्रहरीले निजी कारबाट ठूलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको जनाएको छ । जिल्लाको गरुडा नगरपालिका-५ मा रहेको झाँझ खोला नजिकै ग३च ६७९६ नम्बरको कारबाट प्रहरी १३ पोकामा रहेको १३३ किलो गाँजा बरामद गरेको छ ।

चन्द्रनिगाहपुरबाट गौरतर्फ आउँदै गरेको कारलाई इलाका प्रहरी कार्यालय गरुडाको टोलीले चेकजाँच गर्न खोज्दा कार नरोकेर फरार भएको थियो । रौतहट प्रहरीले गाडीलाई पछ्याउँदै जाने क्रममा झाँझ खोला नजिक रहेको खरको घारीमा छोडेर चालक फरार भएका थिए । सडकभन्दा तल झण्डै २० फिट गहिरो खरको घारीमा गाडीलाई छोडेर सवार व्यक्तिहरू फरार भएको रौतहट प्रहरीले जनाएको छ ।

प्रहरीले गाडीलाई क्रेनको सहायताले निकालेर त्यसमा रहेको गाँजा निकालेर नियन्त्रणमा लिइएको गरुडाका डिएसपी राजन कार्कीले जानकारी दिए ।

फरार व्यक्तिहरूको खोजी कार्य जारी रहेको उनले बताए । उनले गाडी छाडेर चालक फरार भए पनि सवारी चालक अनुमति पत्र र गाडीको कागजाता फेला परेको बताए ।

# साउन १० मा 'कलकतियावाली' रिलिज हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । मैथिली भाषाको फिल्म 'कलकतियावाली' साउन १० गतेदेखि चलचित्र सिनेमा घरमा प्रदर्शनमा आउने भएको छ । नायिका अनिषा सदा झाको असामयिक निधनपछि केही समय रोकिएको 'कलकतियावाली' फिल्म उनको स्मृतिमा प्रदर्शन गर्न लागिएको जनाइएको छ।

जनकपुरधाममा मंगलवार आयोजित पत्रकार सम्मेलनमा फिल्मका निर्देशक तथा कथाकार अरुण कुमार यादव 'अरुण विजय' ले सिरहाको कल्याणपुरमा पहिलो चरणको रिलिज गरिने जानकारी दिए । उनले फिल्मको दोस्रो चरणको रिलिज जनकपुरधाममा छिट्टै हुने छ भने त्यसपछि भारतको मिथिला क्षेत्रका विभिन्न हलहरूमा पनि प्रदर्शन गरिने बताए ।

"अंशाको सपना थियो, फिल्म हलमा हेर्ने। त्यो सपना पूरा नभए पनि हामी उनको सम्झनामा फिल्मलाई पहिले तय गरिएका स्थानहरूमै



रिलिज गर्दैछौं," निर्देशक विजयले भावुक हुँदै भने। "मैथिली समाजलाई यो फिल्म हेरेर अंशालाई श्रद्धाञ्जली दिन आग्रह गर्दछु।"

फिल्म 'कलकतियावाली' सामाजिक कथावस्तुमा आधारित छ । प्रमुख पात्रहरूमा अभिनाश झा (कलकतियावाली), श्याम कुमार राम (अठिवा), अनिशा सदा झा (अंशा), इशिका भुजेल, रामनारायण ठाकुर, र मनिषा सदा (मंशा) लगायतका रहेका छन् । फिल्ममा समावेश एक गीत यूट्युबमा सार्वजनिक भएसँगै लोकप्रिय भइसकेको निर्देशकले बताए ।

फिल्मको निर्माण, निर्देशन र कथालेखनको जिम्मा अरुण कुमार यादव (अरुण विजय) ले सम्हालेका छन् । फिल्मले मैथिली समाजका विविध मुद्दा र भावनालाई उजागर गर्ने प्रयास गरेको बताइएको छ ।

निर्देशक विजयका अनुसार फिल्म चलचत्र सिनेमा घरमा हेर्न नपाउने दर्शकका लागि रिलिजपछिको केही समयमै कलकतियावाली युट्युबमा पनि अपलोड गरिने छ ।

अंशा सदा झाको असामयिक निधनले मैथिली फिल्म क्षेत्रलाई ठूलो क्षति पुगेको भन्दै कलाकार, दर्शक तथा शुभेच्छुकहरूबाट फिल्मलाई श्रद्धाञ्जली स्वरुप समर्थनको अपेक्षा रहेको छ ।

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:

- घर वरिपरी पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं,
- पुरा बाहुला भएको कपडा लगाऔं,
- सुत्दा झुल लगाएर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं,

"लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।"

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८